# स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

आ.व. २०७८/७९ – ०८७/०८८

(सन् २०२२ देखि २०३० सम्म)

**दुल्लू नगरपालिका**

**दुल्लू नगर कार्यपालिकाको कार्यालय, दैलेख**

कर्णाली प्रदेश, नेपाल

२०७९

**निर्माण निर्देशिका :**
स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

**प्रकाशकः**
नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, दुल्लू नगरपालिका, दैलेख

**दस्तावेज :** स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

**सर्वाधिकारः**
© दुल्लू नगरपालिका, दैलेख

**प्रथम प्रकाशनः**
भाद्र, २०७९

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोगः**
यो रणनितिक कार्य योजना दुल्लू नगरपालिका स्थानीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिसँगको सहकार्यमा, अमेरिकी सहयोग नियोग (USAID) को तयार नेपाल–विपद् जोखिम व्यवस्थापन परियोजनाको आर्थिक तथा प्रविधिक सहयोगमा तयार गरिएको हो ।

## शुभकामना सन्देश



मध्य पहाडी क्षेत्रमा अवस्थित दैलेख जिल्लामा पर्ने, दुल्लु नगरपालिका पहिरो, वाढि, भूकम्प, चट्याङ्, आगलागि, सडक दुर्घटना, जङगली जनावरहरुको आतङ्क लगायत अन्य प्राकृतिक तथा मानव श्रृजित विपद जोखिमवाट अत्यन्तै प्रभावित नगरपालिका हो । यसै सन्दर्भमा नेपाल सरकारले सेन्डाई फ्रेमवर्कमा आधारित भई तयार गरेको विपद जोखिम न्यूनिकरण राष्ट्रिय रणनितिक कार्ययोजना २०१८–२०३० तयार गरेको छ । यस राष्ट्रिय रणनितिक कार्ययोजनाको लक्ष्य प्राप्तिलाई सहयोग पुरयाउने उद्देश्यले दुल्लू नगरपालिकाको विपद जोखिमलाई विधिवत् र दिगो रुपमा सम्वोधन गर्ने उद्देश्यले यस दुल्लु नगरपालिकाले यो कार्ययोजना बनाउन पाउदा हामी अति खुशी छौं । यस रणनितिक कार्य योजनाले दुल्लू नगरपालिकालाई विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा नीतिगत मार्गचित्र उपलब्ध गराई विपद जोखिम न्युनिकरण र व्यवस्थापनको लागि महत्वपूर्ण योगदान पुरयाउने छ भन्ने आशा लिएको छु । साथै यस रणनितिक कार्ययोजनालाई आधार मानेर यस नगरपालिकाले वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गरी विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन कार्यलाई प्राथमिकताको रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्न चाहन्छु । यस रणनितिक कार्य योजनाले निर्दिष्ट गरेका प्राथमिकता क्षेत्र र क्रियाकलापहरुलाई कार्यान्वयन गरी दुल्लू नगरपालिकालाई जोखिम मुक्त नगरपालिकाको रुपमा स्थापित गर्न सरकारी, गैर सरकारी, निजी क्षेत्र समुदाय लगायत सम्पूर्ण सरोकारवालाहरुलाई समन्वय तथा सहयोगको लागि हार्दिक आग्रह समेत गर्न चाहन्छु ।

यस प्रकृयामा सुरु देखि संलग्न र सहयोगी भुमिका खेल्ने राजनैतिक दलका प्रतिनिधिज्यूहरु, कार्यरत कर्मचारी, सुरक्षा निकायका प्रतिनिधिज्यूहरु सम्पूर्ण वडा अध्यक्ष तथा जनप्रतिनिधिज्यूहरु, संचारकर्मी नागरिक समाज, तथा अन्य सरकारी र गैरसरकारी निकायका प्रतिनिधिज्यूहरु लगायत सम्पुर्ण सरोकारवालाहरुलाई नगरपालिका र नगर विपद व्यवस्थापन सिमितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । अन्त्यमा युएसआईडीको तयार नेपाल परियोजनाले पुऱ्याएको प्राविधिक सहयोग र निर्माण प्रकृयाका सम्पूर्ण चरणहरुमा सहजीकरण गरी नीति र कार्ययोजनालाई मूर्त रुप दिने प्राविधिक टीम लगायत फिल्डका कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

भरत प्रसाद रिजाल

नगरप्रमुख
तथा
संयोजक नगरस्तरीय विपद्
व्यवस्थापन समिति



## शुभकामना सन्देश

दैलेख जिल्लामा अवस्थित दुल्लु नगरपालिका पहिरो, वाढि, भूकम्प, चट्याङ, आगलागि, सडक दुर्घटना, जङगली जनावरहरुको आतङ्क लगायत अन्य प्राकृतिक तथा मानव श्रृजित विपद जोखिमवाट अत्यन्तै प्रभावित नगरपालिका हो । यसै सन्दर्भमा नेपाल  सरकारले विपद जोखिम न्यूनिकरण राष्ट्रिय रणनितिक कार्ययोजना २०१८–२०३० तयार गरेको छ । यस राष्ट्रिय रणनितिक कार्ययोजनाको लक्ष्य प्राप्तिलाई सहयोग पुरयाउने उद्देश्यले दुल्लू नगरपालिकाको विपद जोखिमलाई दिगो रुपमा सम्वोधन गर्ने उद्देश्यले यस दुल्लु नगरपालिकाले यो रणनितिक बनाउन पाउदा हामी अति प्रशन्न छौं ।

यस रणनितिक कार्य योजनाले विपद जोखिम न्युनिकरण र ब्यवस्थापनको लागि महत्वपूर्ण योगदान पुरयाउने छ भन्ने विश्वास लिएको छु । साथै यस रणनितिक कार्ययोजनालाई आधार मानेर यस नगरपालिकाले वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गरी विपद जोखिम न्युनिकरण तथा ब्यवस्थापन कार्यलाई प्राथमिकताको रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्न चाहन्छु । यस रणनितिक कार्य योजनालाई कार्यान्वयन गर्न तथा  दुल्लू नगरपालिकालाई जोखिम मुक्त नगरपालिकाको रुपमा स्थापित गर्न सरकारी, गैर सरकारी, निजी क्षेत्र समुदाय लगायत सम्पूर्ण सरोकारवालाहरुलाई समन्वय तथा सहयोगको लागि हार्दिक आग्रह समेत गर्न चाहन्छु ।

यस रणनितिक कार्ययोजना बनाउने प्रकृयामा प्रारम्भ देखि नै संलग्न र सहयोगी भुमिका खेल्ने राजनैतिक दलका प्रतिनिधिज्यूहरु, कार्यरत कर्मचारी, सुरक्षा निकायका प्रतिनिधिज्यूहरु सम्पूर्ण वडा अध्यक्ष तथा जनप्रतिनिधिज्यूहरु, संचारकर्मी नागरिक समाज, तथा अन्य सरकारी र गैरसरकारी निकायका प्रतिनिधिज्यूहरु लगायत सम्पुर्ण सरोकारवालाहरुलाई नगरपालिका र नगर विपद ब्यवस्थापन सिमितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । अन्त्यमा युएसआईडीको तयार नेपाल परियोजनाले पुऱ्याएको प्राविधिक सहयोग र निर्माण प्रकृयाका सम्पूर्ण चरणहरुमा सहजीकरण गरी नीति र कार्ययोजनालाई मूर्त रुप दिने प्राविधिक टीम लगायत फिल्डका कर्मचारीलाई विशेष आभार व्यक्त गर्न चाहन्छु ।

बिना कार्की
उप-नगरप्रमुख
दुल्लू नगरपालिका
दैलेख



## शुभकामना सन्देश

विपद् व्यवस्थापनका बहुपक्षीय आयामहरुलाई दृष्टिगत गर्दै कुशल र दिर्घकालिन रुपमा विपद् जोखिम न्युनिकरण, स-शक्त र प्रभावकारी प्रतिकार्यका साथसाथै पुर्नस्थापना तथा पुर्ननिर्माण समेतको काम कारवाही व्यवस्थित र निर्देशित गर्ने हेतु बनेको स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना दुल्लू आ.व.२०७८/७९ – ०८७/०८८ बनाउन पाउदा हामी अति हर्षित छौं । विपद् व्यवस्थापन सम्बन्धि एकिकृत र समयानुकुल परिमार्जित निति नियम अनुरुप प्राथमिकता प्राप्त कार्यक्रमको तयारी र संचालन तर्फ उन्मुख स्थानीय तहका सरकारी निकाय, विकास साझेदार, गैर सरकारी क्षेत्र, निजि क्षेत्र सहितको लागि यो रणनीतिक कार्ययोजना उपयोगी हुनेछ ।

विपद् व्यवस्थापन कार्यलाई विशिष्टिकृत गर्दै आउंदा दिनहरुमा अझ बढी व्यवशायिक ढङ्गबाट कार्यसम्पादन गर्नका लागि स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना दुल्लू २०७९–२०८८ ले यस क्षेत्रमा क्रियाशील संघ संस्थाहरु समग्र जनशक्ति र आम समुदायलाई विपद् जोखिम न्यूनीकरणका सम्बन्धमा महत्वपूर्ण दस्तावेज हुन सकोस भन्ने शुभकामना दिन चाहन्छु ।

ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत
दुल्लू नगरपालिका
दैलेख

## विषय सूची


१. पृष्ठभूमि 6

१.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्य: 6

१.२ विपद् जोखिमको प्रादेशिक परिदृष्य 7

१.३ दैलेख जिल्लाको विपद् जोखिमको परिदृष्य 8

१.४ विपद् जोखिमको दुल्लु नगरपालिकाको अवस्था 9

दुल्लू नगरपालिकाको नितिगत तथा संरचनागत अवस्था 9

दुल्लू नगरपालिकाको विपद सम्वन्धि समग्र समस्या तथा चुनौतिहरु 10

२. ीव्प्द्य् जैख्म न्इूनिक्रणँ सम्ब्न्धी कँन्नी त्थँ नीत्त व्इव्स्थँ 11

२.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु 11

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५–२०३० 11

दिगो विकास लक्ष्य सन् २०१५–२०३० 11

२.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना 11

विपद् जोखिम न्यूनीकरण नीति २०७५ 11

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) 12

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३० 12

नेपालको दिगो विकास लक्ष्यहरु 13

प्रादेशिक कानून, नीति तथा कार्ययोजना 13

स्थानीय अभ्यासका प्रावधानहरु 13

३. ीव्प्द्य् जैख्म न्इूनिक्रणँकँ लीग स्थँनीइ रणँनीत्क कँईइँज्नँ 15

३.१ परिचय 15

३.२ अल्पकालीन र मध्यकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य 15

३.३ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जूमा र कार्यान्वयन 16

चरण १: संस्थागत निर्णय र तयारी 16

चरण २: विपदबाट विगतमा भएको क्षति र प्रकोप जोखिमको विश्लेषण 17

चरण ३: लक्ष्य र सूचकहरू निर्धारण 18

चरण ४: रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति 18

चरण ५: कार्यान्वयन, अनुगमन र मूल्यांकन 18

प्रकोप स्तरीकरण 0

३.४. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु 12

३.४ प्राथमिकता प्राप्त क्षेत्रहरू 14

४. ीव्प्द्य् जैख्म न्इूनिक्रणँ रणँनीत्क कँईइँज्नँकँ ्प्रँथीम्कँत ्प्रँप्त कँईहत्रु 16

४.१.प्राथमिकता प्राप्त १ : स्थानीय सरोकारवालाहरुलाई विपद् जोखिम सम्बन्धी ज्ञान र बुझाइ 16

४.१.१: जोखिमको वृहत नक्साङ्कन र सार्वजनिकरण 16

रणँनीत्क ईँज्नँ कँईँन्व्इन्वँ लीग ीव्त्तीइ ब्इव्स्थँ 0

पिरच्छेद्य: ्पँच 0

रणँनीत्क कँई ईँज्नँवँ कँईँन्व्इन 0

रणँनीत्क कँई ईँज्नँवँ कँईँन्व्इन 0

सन्द्यर्भ सँम्ग्री 1

## परिच्छेदः एक

# १. पृष्ठभूमि

### १.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्यः

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमतालविस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुकहो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशीलअवस्थामा रहेको छ । नेपालको भौगोलिक वनावट र यसबाट सिर्जित परिणाम जो प्रकोपका दृष्टिले अति संवेदनसिलतथा जोखिमयुक्तअवस्था रहेको छ । विश्वव्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको ( गृह मन्त्रालय २०१५) छ । देशका धेरै जिल्लाहरुमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरु दोहोरिइरहने गर्दछन् र ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प तथा हिमताल विष्फोटन जस्ता बहुप्रकोपहरुको जोखिममा रहेका छन् । समग्र विपद्का हिसाबले नेपाल २० औं विपद् संकटासन्न राष्ट्रको रुपमा सूचीकृत छ (गृह मन्त्रालय २०१७) ।

**नेपालमा विनासकारी प्रकोपहरु :**

- १९९० सालको भुकम्पबाट ८५९९ जनाको मृत्यु र १८ हजार घरनष्ट ।
- २०४५ सालको भुइचालोबाट ७२१ जनाको मृत्यु र २१७८६ घरहरु पुर्ण रुपमा नष्ट ।
- १९८६ सालमातानसेनमा, २०२५ सालमाविराटनगरमा र २०६० सालमाताप्लेजुङ्गमाभएका ठुला आगलागीबाट धेरै धनजनको क्षति ।
- २०२० सालमाविफरबाट १ हजार मानीसको मृत्यु ।
- २०३० र २०३७ सालमालामो खडेरी ।
- २०४४ सालफाल्गुन २९ गते दशरथ रंगसालामाभएको भागदौडमा ७१ जनाको मृत्यु ।
- २०४४ सालमा नै पाकिस्थान एयरलाइन्स र थाइएयलाइन्सकाविमान दुर्घटना, सयौ यात्रुको मृत्यु ।
- २००२, २०२५, २०२७, २०२८, २०३१,२०३२, २०३, २०३८,२०४०, २०५०, २०६१ र २०६३ सालमा बाढी पहिरोको कारण मुलुककाविभिन्नभागमा ठुलो क्षति ।
- २०६५ सालभाद्र २ को कोशी वाढीबाट ७५६३ घरधुरी (४२८००) को धनजनको क्षति ।
- २०७२ वैशाख १२ गते घटेको ७.८ म्याग्निच्युडको भूकम्प र त्यसपछिका परकम्पले झण्डै ८ लाख घर भत्किए, ९ हजारको नेपालीहरुको ज्यानगयो ।
- २०५६ सालको वाढी पहिरोले ठाउँ ठाउँमा धनजनको क्षति
- २०७६ सालको अविरल वर्षाको कारणले आएको वाढी । पहिरोबाट ठाउँ ठाउँमा जनधनको ठुलो मात्रामा क्षति ।

सन् १९७१ देखि २०१५ सम्मको तथ्याङ्ग अनुसार विपद्का कारण नेपालमा ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ । बिभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु हुनेगरेको, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्था कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ । नेपालमा वार्षिक करिब १० हजार सडक दुर्घटना हुने गरेका छन् भने करिब १९०० व्यक्तिको मृत्यु हुने र १३०० मानिसहरु घाइते तथा अङ्गभङ्ग हुने परिदृष्य पछिल्लो तथ्याङ्कले देखाएको छ ( विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० )।

भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, शीतलहर, महामारी, चट्याङ, डुङ्गा दुर्घटना जस्ता विपद्हरु नेपालमा हरेक वर्ष बारम्बार दोहोरिरहने विपद्हरु हुन् । पछिल्लो समय नेपालमा मानव सृजित विपद्का कारण मानवीय क्षति बढीरहेको छ । खासगरी सडक दुर्घटना, महामारी, आगलागी, सर्पदंश जस्ता प्रकोपका कारण मानवीय तथा धनसम्पत्तिको क्षति बढीरहेको छ । दैनिक १७ वटा सडक दुर्घटना हुने र दैनिक ५ जना भन्दा मानिसको मृत्यु हुने गरेको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

हिन्दुकुश हिमालय क्षेत्रका ८ वटा देशहरुमध्ये बहुप्रकोपको जोखिमका कारण हुने मृत्युदरमा नेपाल बंगलादेश पछि दोश्रो स्थानमा रहेको छ । यस्तो अवस्थाका कारण पनि यहाँ क्षतिको मात्रा वृद्धि हुँदै गएको छ (इसिमोड २०१९) ।

भौगर्भिक रूपमा गतिशील पर्वत श्रृंखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरू हुने गर्दछन् । करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भू-भागमा र १७ प्रतिशत समतल तराईमा पर्छ । पहाडी भाग पहिरो र भू-क्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन् । हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनको खतरा छ । पुरै नेपाली भू-भाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरू उच्च भूकम्पीय जोखिममा छन् । यी विपद् बाहेक देशमा अन्य मानव सृजित विपद्का घटनाहरू पनि हुने गरेका छन् (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

## १.२ विपद् जोखिमको प्रादेशिक परिदृष्य




कर्णाली प्रदेश नेपालका सातवटा प्रदेशहरुमध्ये क्षेत्रफलका हिसावले सबभन्दा ठूलो, जनसंख्या हिसावले सबभन्दा सानो, गरिवीको दर उच्च रहेको, विकास सुचकाङ्का आधारमा पछाडि परेको र विपद् जोखिमको हिसावले उच्च जोखिममा रहेको प्रदेश हो । सन् १९७४ देखि २०१८ सम्म ४५ वर्षको अवधिमा कर्णाली प्रदेशमा २,४३२ पटक विपद्का घटनाहरु भए । जसबाट ४,१५५ जनाको मृत्यु भयो । २५४ जना बेपत्ता भए २,३८० जना घाइते भए । यस अवधिमा १२१,९२३ परिवार प्रभावित भए । कर्णाली प्रदेशको विपद् जोखिमबाट हुने मानविय क्षति राष्ट्रिय औसतभन्दा धेरै उच्च रहेको देखिन्छ । नेपालको विपद्बाट हुने औसत मृत्युदर प्रतिलाख जनसंख्यामा वार्षिक १.७ जना छ भने कर्णाली प्रदेशको प्रति लाख जनसंख्यामा विपद्बाट हुने वार्षिक मृत्युदर ५ जना पर्न आउँछ।औसतमा कर्णाली प्रदेशमा विपद्को कारण बार्षिक एक अर्ब भन्दा बढीको आर्थिक क्षति हुने गरेको छ । यस प्रदेशको गरिवी र विकासमा पिछडिएको सूचकांकले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको कमजोर क्षमतालाई प्रतिबिम्वित गर्दछ । विपद् जोखिम घटाउनको लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा नीतिगत र कार्यक्रम तहमा विभिन्न प्रयासहरु हुँदै आएका छन् । *स्रोत कर्णाली प्रदेशको विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम र तथ्याङ्कीय झलक*

## १.३ दैलेख जिल्लाको विपद् जोखिमको परिदृष्य




कर्णाली प्रदेशका १० जिल्ला मध्ये दैलेख जिल्ला १५०२ व.कि.मि क्षेत्रफल ओगटेका पहाडी जिल्ला हो । समुद्र सतह बाट ५४४ मि. (तल्लो डुङ्गेश्वर) देखि ४१६८ मि. (महावुलेक) सम्मको उचाईमा फैलिएको दैलेख जिल्लामा २ निर्वाचन क्षेत्र रहेका छन् । यस जिल्लाको जनसंख्या बि.सं. २०६८ को जनगणना अनुसार २६१७७०रहेको थियो भने हाल बि.सं. २०७८ को जनगणना अनुसार २५३३१९ रहेको छ । यो जिल्लामा प्रादेशिक निर्वाचन क्षेत्र ४, संघीय निर्वाचन क्षेत्र २, गाउँपालिका ७ र नगरपालिका ४ रहेको छ । यहाँको जनघनत्व प्रति वर्ग कि.मी. १७६ रहेको छ । यो जिल्लाको पूर्वमा जाजरकोट जिल्ला, दक्षिणमा सुर्खेत जिल्ला, पश्चिममा अछाम जिल्ला र उत्तरमा कालिकोट जिल्ला पर्दछ । विश्व मान चित्रमा दैलेख जिल्ला ८१.२५ डिग्री देखि ८१.५३ डिग्री पूर्व देशान्तर र २८.३५ डिग्री देखि २५.८ डिग्री उत्तरी अक्षांस सम्म फैलिएको छ । यस जिल्लाको सदरमुकाम नारायण नगरपालिका दैलेख बजारमा रहेको छ ।

यस जिल्लाका प्रमुख नदी तथा खोलाहरुमा कर्णाली नदी पश्चिम सिमानामा रहेको छ । जिल्ला भित्रका अन्य साना तथा ठूला खोलाहरुमा लोहोरे, छामघाट, रामघाट, पराजुल, कट्टी, नाभिस्थान, ताराघाट खोला आदि हुन । यी खोलानाला तथा धार्मिक  सांस्कृतिक हिसाबले धेरै महत्वपूर्ण छन् भने कृषिमा आधारित जीविकोपार्जनका प्रमुख श्रोत समेत हुन् । तापनि वर्षातको समयमा विभिन्न विपद्हरु सिर्जना भई कतिपय अवस्थामा ठूलो धनजनको क्षति समेत हुने गरेको छ । साथै बढ्दो जनघनत्व, वनजंगलको विनास, अव्यवस्थित भौतिक निर्माण आदिको कारणले भूक्षय, बाढी, पहिरोका प्रकोपहरुले धनजनको क्षति र वातावरणीय बिनाश तिब्र गतिमा भैरहेको छ ।

दैलेख जिल्ला अन्तर्गत पहिरोको आधारमा अति उच्च जोखिममा भगवतीमाई गाउँपालिकाको रुम, कट्टि, जगनाथ, नौमूले गाउँपालिकाको सल्लेरी, गुरांसे गाउँपालिकाको लालिकांडा, दुल्लु नगरपालिकाको मालिका, आठबीस नगरपालिकाको सिंहासैन, राकमकर्णाली, तिलेपाटा, सात्तला, डुंगेश्वर गाउँपालिकाको डांडापराजुल र नारायण नगरपालिकाको विन्ध्यवासिनी क्षेत्र पर्दछन् भने उच्च जोखिममा भगवतीमाई गाउँपालिकाको मेहेलतोली, गुराँसे गाउँपालिकाको गोगनपानी, खड्कबाडा र बराह, नौमुले गाउँपालिकाको कालिका, द्धारी, दुल्लू नगरपालिकाको गौरी, पादुका, बडलम्जी, दुल्लू, छिउंडिपुसाकोट, नेपा र नाउले, महाबु गाउँपालिकाको रानीवन र कांशिकांध तथा भैरवी गाउँपालिकाको कुसापानी र भैरीकालिकाथुम क्षेत्र रहेका छन् भने बाढीको आधारमा अति उच्च जोखिममा आठबीस नगरपालिकाको राकमकर्णाली, सिंगौडी, सात्तला, चामुण्डा विन्द्रासैनी नगरपालिकाको लयांटीविन्द्रासैनी, गराँस गाउँपालिकाको खड्कबाडा, डुंगेश्वर गाउँपालिकाको डांडापराजुल, बेलपाटा, नारायण नगरपालिकाको विन्ध्यवासिनी, नौमुले गाउँपालिकाको चौराठा, सल्लेरी, तोली, नौमूले र भगवतीमाई गाउँपालिकाको जगन्नाथ क्षेत्र पर्दछन् ।

दैलेख जिल्ला अति बाढी पहिरो र झाडापखालाबाट प्रभावित जिल्लाहरुको सूचिमा  पर्दछ । २०६६ साल देखि हालसम्मको तथ्यांकलाई हेर्दा झाडापखालाबाट ८१ जनाको ज्यान गएको छ । उद्धार तथा राहत, पुर्नस्थापना र पुनर्निमाण  कार्यमा गरिने लगानी र प्रतिफल भन्दा विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारी कार्य ६ गुणा सस्तो र प्रभावकारी हुन्छ भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । यद्यपि विपद् लाई कुनै सावधानी वा लगानीले जोखिम मुक्त बनाउन भने कठिन छ तर पनि विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ । स्रोतः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, दैलेख, २०७८ मस्यौदा

## १.४ विपद् जोखिमको दुल्लु नगरपालिकाको अवस्था

दुल्लु नगरपालिका, दैलेख जिल्लाको ११ स्थानीय तहहरु मध्ये एउटा नगरपालिका हो । यो नगरपालिका, जिल्लाको दक्षिण पश्चिममा अछाम जिल्लाको सिमावर्ती क्षेत्रसँग जोडिएर अवस्थित रहेको छ । साविक दुल्लु नगरपालिका, गमौडी, कालभैरव, गौरी र मालिका गा.वि.स.लाई एकिकृत गरी हालको दूल्लू नगरपालिकाको स्थापना वि.स. २०७३ सालमा गरिएको हो । जिल्लाको कुल क्षेत्रफलका १०.४२ प्रतिशत भूभाग ओगट्ने यस नगरपालिकाको क्षेत्रफल १५६.७७ वर्ग कि.मी. रहेको छ ।

समुन्द्री सतहबाट करीब ५४४ मिटर देखि १८५६ मिटर सम्मको उचाईमा रहेको दुल्लु नगरपालिकाको भौगोगिक अवस्थितिका हिसाबले २८ डिग्री ४५ मिनेट ३५ सेकेण्ड देखि २८ डिग्री ५४ मिनेट २१ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ३१ मिनेट २१ सेकेण्ड देखि ८१ डिग्री ४१ मिनेट १९ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । यस नगरपालिकाको पूर्वमा भैरवी गाउँपालिका, नारायण नगरपालिका र डुङ्गेश्वर गाउँपालिका, दक्षिणमा गुराँस गाउँपालिका र अछाम जिल्ला, तथा उत्तरमा चामुण्डा विन्द्रासैनी नगरपालिका र भैरवी गाउँपालिकाको सिमाना जोडिएको छ ।

**तालिका १ : वडा अनुसारको क्षेत्रफल**

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (बर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | दुल्लु नपा (१) | १३.१५ | ८.३९ |
| २ | दुल्लु नपा (२) | १०.६३ | ६.७८ |
| ३ | दुल्लु नपा (३) | १५.९१ | १०.१५ |
| ४ | दुल्लु नपा (४) | ७.१७ | ४.५७ |
| ५ | दुल्लु नपा (५) | ११.९५ | ७.६२ |
| ६ | दुल्लु नपा (६) र मालिका (७,८) | १६.७५ | १०.६८ |
| ७ | दुल्लु नपा (७) | ३.७८ | २.४१ |
| ८ | दुल्लु नपा (८) | १०.७७ | ६.८७ |
| ९ | दुल्लु नपा (९) | १३.५६ | ८.६५ |
| १० | गमौडी (१-९) | १३.०६ | ८.३३ |
| ११ | कालभैरव (१-९) | १३.५१ | ८.६२ |
| १२ | गौरी (१-९) | १०.४६ | ६.६७ |
| १३ | मालिका (१-६ र ९) | १६.०७ | १०.२५ |
| | **जम्मा** | **१५६.७७** | **१००** |

श्रोतः स्थानीय तह पुर्नसंरचना आयोगको प्रतिवेदन, २०७३

## दुल्लू नगरपालिकाको नितिगत तथा संरचनागत अवस्था

यस दुल्लू नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७, कोष संचालन तथा परिचालनको लागि स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७७, आपतकालिन कार्य संचालन केन्द्र कार्य संचालन कार्यविधि २०७७, र विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको संचालन मार्गदर्शन २०७७ तयार गरी कार्यान्वयन गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु निर्धारण गरेको छ । त्यसैगरी वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार, सुरक्षा निकाय तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरुको परिचालन, नगर विपद् व्यवस्थापन कोषको व्यवस्थापन र परिचालन जस्ता सवालहरुलाई समेटेको छ । नगरपालिकामा विपद् व्यवस्थापन शाखा र

स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरी उपरोक्त कार्यहरुलाई प्रभावकारी रुपले परिचालन गर्ने गराउने अख्तियारी प्रदान गरेको छ । यसका साथै नगरस्तरीय स्वयंसेवक परिचालन निर्देशिकाको मस्योदा तयार गरी कार्यान्वयन गर्ने प्रक्रियामा छ र नगरस्तरीय लैंगिक समानता तथा सामाजिक समावेशीकरण नितिमा विपद जोखिम न्युनिकण तथा व्यवस्थापनलाई सम्वोधन गरी तयार गरेको छ ।

## दुल्लू नगरपालिकाको विपद सम्वन्धि समग्र समस्या तथा चुनौतिहरु

यो नगरपालिका खास गरी पहिरो, आगलागी, नदिले कटान, जङ्गली जनावर आतंक, हवाहूरी, चट्याङ, असिना पानी, सडक दुर्घटना जस्ता विपदहरुबाट बढी प्रभावित भएको देखिन्छ । जन धनको क्षतिको हिसाबले पहिरो र जङ्गली जनावरको आतंक नै प्रमूख रहेको छ । नदि कटानले गर्दा उत्पादनमूलक जग्गाहरु क्षति भएको छ । प्राकृतिक समस्याहरु र चुनौतिका कारण विपद जोखिम सर्वत्र देखिएतापनि न्यूनीकरण गर्न पूर्व तैयारिको अभाव नै मुख्यतः समस्याको प्रमुखतत्व रहेको देखिन्छ । नयाँ संरचनागत व्यवस्था, श्रोत साधन तथा सुचनामा सहज पहुँच हुन नसक्नु तथा स्थानिय स्तरको स्पष्ट नीतिगत र कार्यरत योजना भईनसकेको विद्यमान अवस्थाहरु नै समस्याको रुपमा देखिन्छ ।

## परिच्छेदः २

## २. विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

### २.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु

#### विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५–२०३०

सेण्डाई कार्यढाँचाले विपद जोखिम न्यूनीकरणका लागि निर्धारण गरेका विश्वव्यापी सातवटा लक्ष्ययहरुमा विश्वव्यापी रुपमा विपदबाट हुने मृत्युदर उल्लेख्य रुपमा कम गर्ने, विपद्बाट प्रभावित हुने जनसंख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्शानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको संख्या बढाउने र बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सम्बन्धीसूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि चारवटा प्राथमिकताहरु विपद् सम्बन्धी बुझाई, विपद् जोखिमन्यूनीकरणलागि सबलीकृत विपद् जोखिम सुशासन्, विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवद्धन गर्ने र पुर्नस्थापना र पुननिर्माणका क्रियाकलापहरुमा अझ राम्रो अझ बलियो निर्धारण गरेको छ ।

#### दिगो विकास लक्ष्य सन् २०१५–२०३०

दिगो विकास लक्ष्य २०१५–२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकास लक्ष्यमा विपद् जोखिम न्यूनीकरणको सवाल विभिन्न क्षेत्रसँग सम्बन्धित लक्ष्यहरुमा समावेश भएका छन् । दिगो विकासका १७ लक्ष्यहरुमध्ये १० वटा र ६९ वटा प्रमुख सूचक मध्ये २५ वटा सूचकहरु विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धित छन् । दिगो विकास लक्ष्यले जोखिमका अर्न्तनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयास मार्फत सम्बोधन गरेर जोखिम सुसूचीत विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा लक्ष्यले विश्वव्यापी लक्ष्यमार्फत विपद्बाट हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षति तथा नोक्सानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्धत गर्दछ ।

### २.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना

#### नेपालको संविधान २०७२

नेपालको संविधानमा अनुसूची ८ ले स्थानीय तहको एकल अधिकारको सूचीका २२ बुँदामध्ये एउटा बुँदामा विपद् व्यवस्थापन रहेको छ । अनुसूची ९ मा संघ,प्रदेशर स्थानीय तहको अधिकारको साझा सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । यसरी नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको साझा अधिकार क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

#### विपद् जोखिम न्यूनीकरण नीति २०७५

यस नीतिमा सेण्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धि पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता महशुस गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोचका साथ विपद् जोखिम न्यूनीकरण नीति २०७५ लागु भएको छ । यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि तीनै तह संघ,प्रदेश र

स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने विषयगत मन्त्रालय,सार्वजनिक निकायहरु,विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं लागु गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइने, प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ ।

### विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५)

यस ऐनले विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै चरणहरुलाई बृहत रुपमा समेटेको छ र दोश्रो कुरा संघीय संविधानको मर्म अनुरुप विपद् व्यवस्थापनको तहगत संरचना निर्धारण गरिएको छ । जसमा केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र कार्यकारी समिति, प्रदेशमा प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद र कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । तेश्रो कुरा नियमित र रणनीतिक रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य गर्न र विपद् जोखिम सुसूचीत विकास योजनाको कार्यान्वयन मार्फत उत्थानशीलता विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण स्थायी संरचनाको प्रादुर्भाव भयो । त्यसैगरी यस ऐनले तीनवटै तहका सरकारलाई विपद् व्यवस्थापन कोष व्यवस्थापन र सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । संघ,प्रदेश र स्थानीय तीनवटै सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने अधिकार प्रदान गरेको छ ।

### विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०, सेण्डाई कार्यढाँचा २०१५–२०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताको जगमा उभिएर निर्माण गरिएको छ । यसमा संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला संघ संस्थाहरु, समूदायहरु अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहभागिता र सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम गरिने उल्लेख छ । संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला निकायहरुको पूर्ण सहभागिता सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारीमा स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रीय संलग्नता, साझेदारी सुनिश्चित गरिने । त्यसैगरी स्थानीय तह तथा समूदायलाई श्रोत साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा सशक्तिकरण गरिने । विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा विज्ञानमा आधारित विपद् सम्बन्धी तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदानको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ । जोखिमका स्थानीय र विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने जस्ता कुराहरु मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ ।

यस रणनीतिक कार्ययोजनाको उद्देश्य विपद्बाट जीवन तथा धनसम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा

न्यूनीकरण गर्न विभिन्न रणनीतिक कृयाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद जोखिम न्यूनीकरण, रोकथाम, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना र पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु रहेको छ। विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुर्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गर्दै सेण्डाई कार्यढाँचालाई मूल मार्गदशनको रुपमा लिएर ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरु र १८ प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरेको छ।

### नेपालको दिगो विकास लक्ष्यहरु

नेपालले दिगो विकास लक्ष्यहरु विश्वव्यापी दिगो विकासका लक्ष्यहरुलाई अधारमानी कार्यान्वयन गर्नका लागि तय गरेको छ। आर्थिक विकास, सामाजिक समानता र वातावरणीय संतुलनका तीनवटा आयामहरुमा आधारित दिगो विकासको अवधारणमा तयार भएको दिगो विकास लक्ष्यले यसका विभिन्न परिमाणात्मक लक्ष्यभित्र विपद् जोखिम न्यूनीकरणका सूचकहरु समेटेको छ। गरीबी र अति संकटासन्न अवस्थामा रहेका मानिसहरुको उत्थानशीलता निर्माण गर्ने र यस्ता मानिसहरुको वातावरणसँग सम्बन्धित विषम घटनाहरुका साथै अन्य आर्थिक,सामाजिक र वातावरणीय नकारात्मक पक्षहरु, विपद्का जोखिमहरु र कमजोरपनालाई कम गर्ने। विपद्का कारण मृत्यु हुने बेपत्ता भएका व्यक्तिहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागु गर्ने स्थानीय सरकारको अनुपात बढाउने जस्ता विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका सूचकहरु समेत समेटिएको छ। यसरी नेपालले दिगो, उत्थानशील विकास र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तहमा रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ (राष्ट्रिय योजना आयोग २०७६)।

### प्रादेशिक कानून, नीति तथा कार्ययोजना

अधिकार बाडफाँड सम्बन्धमा नेपालको संविधान २०७२ को अनुसूचि ९ ले विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेपछि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले प्रदेशमा प्रदेश विपद् व्यवस्थापन परिषद र प्रदेश कार्यकारी समिति रहने व्यवस्था गरेको छ। प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत १९ वटा जिम्मेवारीहरु तोकेको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश सरकारको विपद् जोखिम व्यवस्थापनको फोकल मन्त्रालय हो। सुदूरपचिम प्रदेशले विपद व्यवस्थापनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्नका लागि प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६, कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६, कर्णाली प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन तथा खर्च कार्यविधि, २०७६, आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत विपद् व्यवस्थापन शाखाहरु, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालित छन्।

### स्थानीय अभ्यासका प्रावधानहरु

नेपालको संविधान २०७२ मा अनुसूची ९ ले अधिकार बाँडफाँड सम्बन्धी विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले नगरपालिका वा गाउँपालिका तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ भने विपद् जोखिम न्यूनीकरण तथा

व्यवस्थापन नियमावली २०७५ ले स्थानीय विपद् व्यवस्थापन समितिले वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्य सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ ।

## परिच्छेदः तीन

## ३. विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय रणनीतिक कार्ययोजना

### ३.१ परिचय

सन् २०२०-२०३० विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने सन्दर्भमा स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि प्रतिबद्धता सहितको, विपद् जोखिम न्यूनीकरणको लागी तयार गरिएको एक प्रकारको स्थानीय दस्तावेज–"स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना आ.व. २०७८/७९–०८७/०८८ हो।" यस कार्ययोजनाले विपद् व्यवस्थापनका लागि जोखिम न्यूनीकरणमा केन्द्रित भई बृहत अवधारणामा जोड दिन्छ। यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्य ढाँचा सन् २०१५-२०३०, विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३० र नगरपालिकाले तयार गरेको नितिगत दस्तावेज लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप स्थानीयकरण गरी समेटेको छ।

### ३.२ अल्पकालीन र मध्यकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

**अल्पकालीन र मध्यकालीन सोच**

दुल्लू नगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील नगरको रूपमा स्थापित गर्दै स्थानीय विकासमा योगदान पुऱ्याउने तथा नेपालको राष्ट्रिय विपद जोखिम न्युनिकारण रणनितिक कार्य योजनाले तय गरेका लक्ष्यलाई प्राप्त गर्न योगदान पुरयाउने, यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको अल्पकालीन र मध्यकालीन सोच रहेको छ।

**अपेक्षित परिणाम**

विपद्का कारण मृत्यु हुने बेपत्ता भएका व्यक्तिहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण नगरपालिकाको कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागु गर्ने स्थानीय सरकारको अनुपात बढाउने यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ।

**उद्देश्य**

भुकम्प, पहिरो, बालिमा लाग्ने रोग किरा, हावाहुरी, असिना, आगलगी, सुख्खा खडेरी, चटयाङ, जंगली जनावर आक्रमण, महामारी, सडक दुर्घटना जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको

सुदृढीकरण उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्य योजनाको उद्देश्य रहेको छ ।

**लक्ष्य**

नगर भित्र जीविकोपार्जनका स्रोत साधनहरुका साथै कृषि, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पूर्वाधार, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरु तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै साथै विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, तिनीहरुको उत्थानशीलता वृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति पर्यावरणीय क्षति कम गर्नु रहेको छ ।

## ३.३ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जूमा र कार्यान्वयन

विपद जोखिम न्यूनीकरणका लागि नगर स्तरीय रणनीतिक कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्दा देहाय बमोजिमका चरणहरु अपनाईको छ ।

| चरण | क्रियाकलापहरू |
|---|---|
| चरण ५ | कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| चरण ४ | रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति |
| चरण ३ | लक्ष्य र सूचकहरू निर्धारण |
| चरण २ | क्षति तथा विपद् जोखिमको विश्लेषण |
| चरण १ | संस्थागत निर्णय र तयारी |

स्रोतः स्थानीय विपद् जोखिम नयूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८

चित्र नं. १: विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमाका चरणहरु

### चरण १: संस्थागत निर्णय र तयारी

बैशाख १७, २०७८ गते बसेको स्थानीय विपद व्यवस्थापन समितिको निर्णयले, मंसिर १८, २०७७ मा गठित निति कार्यविधि तयारीका लागि गठित कार्यदललाई दुल्लु नगरपालिकाको स्थानीय विपद् जोखिम रणनितिक कार्ययोजना मस्यौदा, तयार गरी स्थानीय दिपदे जोखिम न्युनिकरण तथा व्यवस्थापन समितिमा छलफल तथा समीक्षाको लागि पेश गर्ने निर्णय गऱ्यो ।

दुल्लु नगरपालिकाको निति तथा कार्यविधि तयारीका लागि गठित कार्यदलले संघीय मामिला था सामान्य प्रशासन मन्त्रालयले तयार गरेको नमूनालाई अध्ययन गरी, साथै दुल्लु नगरपालिकाले तयार गरेका विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्वन्धि ऐन, निति, मार्गदर्शन, जोखिम संवेदनशील भूउपयोग योजना, भूउपयोग निति, जिल्ला स्तरीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना मस्यौदा आदिको अध्ययन गरी तथा, विपद जोखिम सम्वन्धि वडास्तरीय तथ्यांक संकलन गरी प्रारम्भिक मस्योदा तयार गरी छलफल तथा समीक्षाका लागि पेश गऱ्यो ।

स्थानीय विपद् व्यवस्थापन समितिको मिति. २०७९ असार १३ को बैठकले प्रारम्भिक मस्योदामा छलफल गरी, समीक्षा तथा अनुमोदनको लागि नगरकार्यपालिकामा पेश गर्‍यो ।

मिति २१ भाद्र. २०७९ मा बसेको दुल्लु नगर कार्य पालिकाको बैठकले यस स्थानीय विपद जोखिम न्युनिकरण रणनितिक कार्ययोजनालाई कार्यान्वयनको लागि अनुमोदन गरयो ।

सोही अनुसार जोखिम संवेदनशील भू–उपयोग योजना, अर्न्तगत वहु–जोखिम विश्लेषण, जोखिमको स्थानीय परिदृश्य र विपद् व्यवस्थापनमा विद्यमान नीतिगत तथा कानूनी पक्षको पुनरावलोकन गरी नगरपालिका स्तरीय प्रमुख प्रशासकीय अधिकृत ज्यूको अध्यक्षतामा विषय क्षेत्र बैठकको आयोजना गर्‍यो । नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति, विषयगत क्षेत्रका प्रमुख, सुरक्षा निकाय, नेपाल रेडक्स सोसाईटी, विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहभागीतामा छलफल गरी विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका विषयहरुको बारेमा छलफल भयो । विपद् व्यवस्थापन शाखा प्रमुखको अगुवाईमा नगरपालिकाका १३ वटै वडा अध्यक्ष तथा सचिवज्यूहरुसंगको छलफलबाट हरेक वडाको विपद् जोखिमको अवस्था, विपद् जोखिमको ऐतिहासिक विवरण तथा विद्यमान श्रोत साधन र क्षमताको विश्लेषण गरी आवश्यक सुझावहरु संकलन गरियो । प्रत्येक वडाहरुबाट प्राप्त सूचनाहरुलाई एकीकृत गरी पुन स्थानीय विपद् व्यवस्थापन समितिको बैठकमा छलफल गरियो साथै अन्य निकायहरुबाट आएका सल्लाह र सुझावहरु संकलन गरी एकीकृत गरियो । यस आधारमा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको मस्यौदा तयारी भयो ।

### चरण २: विपदबाट विगतमा भएको क्षति र प्रकोप जोखिमको विश्लेषण

वडा एवं सामुदायिक विपद व्यवस्थापन समितिका पदाधिकारी एवं सदस्य तथा विज्ञहरुको सहभागितामा वडामा जोखिम प्रकोपको प्राथमिकता र विपदको विश्लेषण गरिएको थियो । विपद विश्लेषण गर्दा टोल /वडा/नगरपालिकामा उपलव्ध भएसम्म विगत २० वर्षमा घटेका विभिन्न विपद जन्य घटनाबाट मानवीय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक स्रोतहरूमा भएका क्षति सम्बन्धी तथ्याङ्क र अन्य प्रभाव सम्बन्धी जानकारी सङ्कलन र विश्लेषण गरिएको छ । यद्यपि तत्थ्याक संकलनको क्रममा वडा तथा नगर विपद व्यवस्थापन समितिका प्रतिनिधि साथै, वडा कार्यालय मार्फत समेत यकिन तत्थ्यांक अध्यावधिक गरिएको छ । यसका लागि **जोखिम संवेदनशील भू–उपयोग योजना दुल्लू नगरपालिकालाई** समेत आधार वनाईएको छ । विपद्बाट भएको जनधनको क्षति तथा विभिन्न उत्पादन मूलक तथा सेवामूलक क्षेत्रमा परेको प्रतिकूल प्रभाव सम्बन्धी जानकारी साथै स्थानीय तहको क्षमताको विवरण वडा/नगरपालिकाको पार्श्वचित्र, प्रगति प्रतिवेदन र विभिन्न अध्ययन प्रतिवेनदनहरुबाट सङ्कलन गरिएको छ । यसका साथै वडा समिति, वडा विपद व्यवस्थापन समिति र विभिन्न समूह केन्द्रित छलफल आयोजना गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्रकोप जोखिम विश्लेषण गर्दा भौतिक पूर्वाधार विकास, सामाजिक सेवा, सुरक्षा, मानव अधिकार, स्वास्थ्य, शिक्षा, वन, कृषि तथा पशुसेवा आदि विषय क्षेत्रसँग सम्बन्धित विपद जोखिम र जलवायु परिवर्तनका कारण हुनसक्ने थप जोखिमको प्रक्षेपित परिदृष्यको समेत लेखाजोखा गरिएको छ । यस पालिकामा भएका विपद् जोखिमको विवरण/ तथ्याङ्क (तालिका नं. १) मा उल्लेख गरिएको छ ।

### चरण ३: लक्ष्य र सूचकहरू निर्धारण

विपदको क्षति र जोखिम सम्बन्धी तथ्याङ्क विश्लेषण गरी तयार गरिएको आधाररेखा अनुरूप वडा, नगरपालिका र अन्य सरोकारवालाहरूसँग परामर्श गरी विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकासका लक्ष्य र सूचकहरू निर्धारण गरिएको छ। लक्ष्य र सूचक निर्धारण गर्दा सम्भव भएसम्म परिमाण र गुणस्तर नाप्न सकिने तथा राष्ट्रिय र प्रादेशिक लक्ष्यहरूसँग मेल खाने गरी समय- अवधि तोकिएको छ। राष्ट्रिय र प्रादेशिक कार्ययोजनामा अल्पकालीन (सन् २०२० सम्म), मध्यकालीन (सन् २०२५ सम्म) र दीर्घकालीन (सन् २०३० सम्म) लक्ष्यहरू निर्धारण गरिएको भएता पनि समय अभावको कारणले नगर स्तरमा अल्पकालीन/मध्यकालिन लक्ष्य (सन् २०२५ (आ.व. २०८१/८२) र दीर्घकालीन लक्ष्य (सन् २०३० (आ.व. २०८७/८८) सम्म निर्धारण गरिएको छ।

### चरण ४: रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति

माथिल्ला चरणहरुमा सङ्कलन एवं विश्लेषण गरीएका सूचना तथा तथ्याङ्कहरूको आधारमा विपद जोखिमको आँकलन गरी सोको न्यूनीकरण र व्यवस्थापनका लागि आवस्यक पर्ने रणनीतिक क्रियाकलापहरूको पहिचान गरिएको छ। छोटो समय, सिमित स्रोत साधन र जनशक्तिबाट यी सबै विषय कार्ययोजनामा समावेश गर्न सम्भव नभएकोले तत्काल सङ्कलन गर्न सकिने खालका सूचना तथा तथ्याङ्कहरूको आधारमा रणनीतिक कार्ययोजना तर्जुमा गरी समय र स्रोत बढी लाग्ने सूचना र जानकारीका लागि आवश्यक पर्ने क्रियाकलाप रणनीतिक योजना (तालिका न. २) मा नै समावेश गरिएको छ। नगर स्तरीय रणनीतिक कार्ययोजनाको मस्यौदालाई स्थानीय विपद व्यस्थापन समिति र नगरपालिकाको विषयगत शाखा, गैर सरकारी संघ संस्था, नीजि क्षेत्र लगायतका सरोकारवालाहरूको सहभागिता रहने गरी वैठकको आयोजना समेत गरी सूझाव लिइएको छ। प्राप्त सूझावको आधारमा रणनीतिक कार्ययोजनाको मस्यौदालाई अन्तिम रूप दिइएको छ। यो रणनीतिक कार्ययोजना राष्ट्रिय रणनितिक कार्ययोजनाका ४ प्राथमिकता प्राप्त क्षेत्रहरू र १८ प्राथमिकता प्राप्त कार्यहरुमा मेल खानेगरी तयार गरिएको छ। साथै जोखिम संवेदनशील भूउपयोग योजनाले पहिचान गरेका प्राथमिकता प्राप्त कार्यहरुलाई समेत सामेल गरिएको छ।

### चरण ५: कार्यान्वयन, अनुगमन र मूल्यांकन

नगर कार्यपालिका बैठकबाट स्वीकृत भएको रणनीतिक कार्ययोजनाको क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिम हुनेछ।

**(क) कार्ययोजना कार्यान्वयन**

स्वीकृत रणनीतिक कार्ययोजनाका क्रियाकलापहरूलाई पालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गरिने छ। यसरी कार्यक्रम तयार गर्दा नेपाल सरकार वा प्रदेश अन्तर्गतका निकाय, स्थानीय तहमा क्रियाशील अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संघसंस्था र नीजि क्षेत्रसंग समन्वय गरिने छ। नगरपालिकावाट स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका रणनीतिक कार्ययोजनाका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागि नगर तहमा वार्षिक योजना बनाई कार्यान्वयन गर्ने र प्रगति विवरण तयार गरी सम्वन्धित नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखामा पेश गरिने छ।

### (ख) अनुगमन र मूल्याङ्कन

रणनीतिक कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन अनुगमन नगर स्तरीय विपद व्यवस्थापन समितिले गर्नेछ। त्यस्तै रणनीतिक कार्ययोजनाको समग्र उपलब्धिको आवधिक मूल्याङ्कन तथा समीक्षा गर्दा सम्बन्धित नगरपालिकाका विषय विज्ञ, सरोकारवाला संघ संस्था, महिला एवम् विपद जोखिममा रहेका अति संकटासन्न समुदाय जस्तै अपांगता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, बिपन्न, दलित, जनजाती, समूहको प्रतिनिधित्व गराइने छ । अनुगमनबाट प्राप्त सुझावका आधारमा क्रियाकलापहरू साथै योजना कार्यान्वयनमा समावेश गरिने छ ।

### (ग) कार्ययोजनाको पुनरावलोकन र संशोधन

योजनाको लक्ष्य हासिल गर्न निर्धारण गरिएको समय अवधि अनुरूप अल्पकालीन/मध्यकालीन र अन्तिम मूल्याङ्कन गरिने छ । रणनीतिक कार्ययोजना नगरपालिकाको आवधिक योजनाको अङ्गको रूपमा समावेश भएको अवस्थामा यसको मध्यावधी र अन्तिम समिक्षा गर्दा यस कार्ययोजनाको समेत एकैसाथ समिक्षा गरिनेछ । आवधिक योजना तर्जुमा नगरी स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना छुट्टै रहुन्जेलको अवस्थामा यसको अल्पकालीन/मध्यकालीन र अन्तिम गरी दुइ चरणमा समिक्षा तथा मूल्याङ्कन गरीने छ। अल्पकालीन तथा मध्यकालीन मूल्याङ्कनबाट प्राप्त सुझावको आधारमा रणनीतिक कार्ययोजनालाई आवश्यक परिमार्जन गरिनेछ । तर, यसरी परिमार्जन गर्दा विपद न्यूनीकरणका लक्ष्यहरू र तिनका सूचकहरू यथावत राखिने छन ।

### (घ) अति जोखिममा रहेका अति संकटासन्न समूह तथा वर्गहरुको संरक्षण तथा समावेशितामा सुनिश्चिचता

नगर तथा वडा स्तरीय विपद व्यवस्थापन समिति, कार्यदल गठन गर्दा महिला, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक तथा लैंगिक अल्पसंख्यक, बिपन्न, दलित, जनजाती,ज्येष्ठ नागरिक, युवाहरुको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिने छ । विपद व्यवस्थापनको विश्लेषण, पूर्व तयारी र जनचेतना तथा अन्य क्षमता विकासका कार्यहरुमा महिला, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, युवा तथा वालवालिकाहरुको सहभागिता सुनिश्चित गरिने छ । विपद पूर्व तयारी तथा प्रतिकार्यको समयमा हुन सक्ने सम्भावित बहिस्करण र हिंसाहरु हुन नदिने उपायहरु जस्तै जोखिममा रहेका महिला, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि छुट्टै निगरानी टोलीको गठन गर्ने व्यवस्था गरीने छ ।

**प्रकोप स्तरीकरण**

दैलेख जिल्लामा देखा परिरहने प्रकोपहरुमा पहिरो, बाढी, हुरी बतास, असिना, आगलागि, महामारी, खडेरी, चट्याङ्ग, सडक दुर्घटनाहरु प्रमुख प्रकोपहरु हुन । यस्ता प्रकोपहरुले गरेको मानवीय र भौतिक क्षतिलाई हेर्दा पहिरोबाट बढी मानवीय क्षति, भौतिक क्षति र जीविकोपार्जनका श्रोतको अत्यधिक क्षति भएको देखिन्छ। प्राकतिक श्रोतको अत्यधिक विनास तथा संरक्षण हुन नसक्दा तथा जलवायुमा आएको परिवर्तनले गर्दा खडेरी पनि एउटा मुख्य प्रकोपको रुपमा रहेको छ। असिनाबाट हरेक बर्ष अन्न बालीको नास हुने गरेको छ भने चट्याङ्गका कारण घाइते तथा ज्यान गुमाउनेहरुको संख्या पनि पछिल्ला बर्षहरुमा बढ्न थालेको छ। यसै गरी सन् २०२० को जनवरी देखि विश्वव्यापी महामारीको रुपमा देखापरेको कोरोना भाइरस (कोभिड-१९) बाट जिल्लामा हुनसक्ने विपदको आधारमा गरिएको स्तरीयकरणलाई निम्न तालिकामा देखाइएको छ

**तालिका न. १**

| प्रकोप | पहिरो | बाढी | कोभिड-१९ | झाडापखला | आगलागि | खडेरी | हावाहूरी | चट्याङ्ग | असिना पानी | सडक दुर्घटना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पहिरो** | × | पहिरो | कोभिड-१९ | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| **बाढी** | × | × | कोभिड-१९ | झाडापखला | आगलागि | खडेरी | बाढी | बाढी | बाढी | बाढी |
| **कोभिड-१९** | × | × | × | कोभिड-१९ | कोभिड -१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ |
| **झाडापखला** | × | × | × | × | आगलागि | झाडापखला | झाडापखला | झाडापखला | असिनापानी | झाडापखला |
| **आगलागि** | × | × | × | × | × | खडेरी | हावाहूरी | आगलागि | असिनापानी | आगलागि |
| **खडेरी** | × | × | × | × | × | × | खडेरी | खडेरी | असिनापानी | खडेरी |
| **हावाहूरी** | × | × | × | × | × | × | × | हावाहूरी | असिनापानी | हावाहूरी |
| **चट्याङ्ग** | × | × | × | × | × | × | × | × | असिनापानी | सडक दुर्घटना |
| **असिना पानी** | × | × | × | × | × | × | × | × | × | सडक दुर्घटना |
| **सडक दुर्घटना** | × | × | × | × | × | × | × | × | × | × |
| **जममा अंक** | ८ | २ | ८ | ५ | २ | ४ | २ | ० | ५ | २ |
| **जोखिम स्तर** | १ | २ | १ | ३ | ५ | ४ | ५ | ६ | ३ | ५ |

नोटः १. सबै भन्दा ठूलो असर गर्ने अनुमानको आधारमा भूकम्पलाई मुख्य प्रकोपको रुपमा लिईएको छ। त्यसकारण अन्य प्रकोपसंग भूकम्पको तुलना गरिएको छैन। २. जम्मा अंकमा जोडा स्तरिकरणका क्रममा आएको प्रकोपको संख्या तथा स्तरमा प्रकोपले गरेको प्राप्तांकको आधारमा प्राथमिकीकरण गरिएको छ। स्रोतः विपद् पर्वतयारी तथा प्रतिकार्य योजना, दैलेख, २०७८

### तालिका- २ : वडाहरूको प्रकोप स्तरीकरण

| प्रकोपहरु | पहिरो | बाढी | कोभिड-१९ | झाडापखाला | आगलागि | खडेरी | हावाहरी | चट्याङ्ग | असिना पानी | सडक दुर्घटना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पहिरो** | × | पहिरो | कोभिड-१९ | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| **बाढी** | × | × | कोभिड-१९ | झाडापखाला | आगलागि | खडेरी | बाढी | बाढी | बाढी | बाढी |
| **कोभिड-१९** | × | × | × | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ |
| **झाडापखाला** | × | × | × | × | आगलागि | झाडापखाला | झाडापखाला | झाडापखाला | असिनापानी | झाडापखाला |
| **आगलागि** | × | × | × | × | × | खडेरी | हावाहुरी | आगलागि | असिनापानी | आगलागि |
| **खडेरी** | × | × | × | × | × | × | खडेरी | खडेरी | असिनापानी | खडेरी |
| **हावाहरी** | × | × | × | × | × | × | × | हावाहुरी | असिनापानी | हावाहुरी |
| **चट्याङ्ग** | × | × | × | × | × | × | × | × | असिनापानी | सडक दुर्घटना |
| **असिना पानी** | × | × | × | × | × | × | × | × | × | सडक दुर्घटना |
| **सडक दुर्घटना** | × | × | × | × | × | × | × | × | × | × |
| **जममा अंक** | ८ | २ | ८ | ५ | २ | ४ | २ | ० | ५ | २ |
| **जोखिम स्तर** | १ | २ | १ | ३ | ५ | ४ | ५ | ६ | ३ | ५ |

स्रोतः मस्यौदा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, दुल्लु, २०७९

प्रकोप स्तरिकरणका आधारमा कोभिड १९ र पहिरो पहिलो प्रकोप, बाढी दोस्रो, झाडापखाला र असिना तेस्रो, खडेरी चौथा आगलागी र हावाहुरी पाचौं प्रकोपकोरुपमा पहिचान भएका छन भने यसका साथै अन्य प्रकोपहरुको स्तरिकरण तालिकामा प्रस्तुत गरिएको छ । तर, नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएकोले सरकारले विपद् व्यवस्थापनका कार्यक्रम तय गर्दा भूकम्पीय जोखिम व्यवस्थापनलाई पहिलो प्राथमिकता दिने

### तालिका न. ३

| तलिका:४- दुल्लू नगरपालिकाको प्रकोपको स्तर | | | | |
|---|---|---|---|---|
| वडा | न्यून | मध्यम | उच्च | कूल |
| १ | ४१.९ | ४१.३ | १६.८ | ५.२ |
| २ | ३९.० | ४२.२ | १८.८ | ४.२ |
| ३ | ३८.८ | ४२.८ | १८.५ | ६.३ |
| ४ | ३९.८ | ५०.४ | ९.८ | २.९ |
| ५ | ५२.९ | ३४.४ | १२.६ | ४.८ |
| ६ | ४१.३ | ४४.७ | १३.९ | ६.७ |
| ७ | ३८.३ | ४८.४ | १३.४ | १.५ |
| ८ | ३४.२ | ४०.४ | २५.४ | ४.३ |
| ९ | ५१.६ | ३७.१ | ११.२ | ५.४ |
| १० | ३५.० | ३९.९ | २५.० | ५.२ |
| ११ | २२.७ | ४६.९ | ३०.४ | ५.४ |
| १२ | ३७.४ | ३८.३ | २४.२ | ४.२ |
| १३ | ३१.७ | ४५.६ | २२.७ | ६.४ |

स्रोतः जोखिम संवेदशनशिल भू – उपयोग योजना दुल्लू नगरपालिका, २०७८

## तालिका न. ४

| तालिकाः ५- विपद रुखः कारण र प्रकोपको प्रभाव | | | | |
|---|---|---|---|---|
| क्र.सं. | प्रकोपको स्थिति | प्रकोपको कारण | असर | संभावित समाधान |
| १ | भारी वर्षाले प्रत्येक वर्ष लगभ २०-२५ घरपरिवारलाई क्षति पुर्याएको छ । | • बाक्लो बस्ती<br>• कमजोर संरचना<br>• भिरालप जमिन<br>• भवनहरुकको समयमै मर्मत नगर्ने<br>• गरिबी<br>• भवन निर्माण गर्दा सरकारबाट नक्सा स्वीकृति नगरिने | • आर्थिक क्षति<br>• प्रत्येक वर्ष १०-१२ वटा भवनहरु क्षति हुने | • बलियो घर संरचना निर्माण गर्नुपर्ने<br>• निर्माण गर्दा सीपयुक्त दक्ष जनशक्ति प्रयोग गर्नुपर्ने<br>• नगरपालिकाबाट घरको नक्सा स्वीकृत गर्नुपर्ने<br>• समयमै भवनहरुको मर्मत, संहार गर्नुपर्ने |
| २ | तीव्र हावाहुरीले वर्षेनि लगभग १०-१५ स्कूलहरूमा क्षति पुऱ्याएको छ | • घर तथा विद्यालयको छानाहरु जस्ता पाताको प्रयोग<br>• उचोस्थानहरुमा विद्यालय तथा घरहरु निर्माण गरिनु<br>• कमजोर भवनको संरचना | विद्यालय घरहरु क्षतिग्रस्त हुनु | • भवनहरुको छानामा जस्तापाताको प्रयोग कम गर्नु<br>• घर र विद्यालयको छानाहरु बलियो निर्माण गर्नु<br>• नियमित मर्मत सम्भार गर्नु |
| ३ | आकस्मिक बाढी /बाढीले कृषि भूमि, बस्तीमा क्षति पुऱ्याउनु तथा घाइते र चटपटकका घटनाहरु | • खोलानालाहरु ठाडो हुनु तथा आकस्मिक बाढी आउनु<br>• कृषि भूमि र बस्ती बाढीको संमुखतामा हुनु<br>• जथाभावि सडक निर्माण<br>• | • कृषि भूमि, बस्ती र वालीमा क्षति | • चेक ड्याम निर्माण गर्नु<br>• नदी तथा खोला किनारमा कुनै पनि संरचना निर्माण गर्न अनुमति नदिनु<br>• नदी तथा खोलाबाट ढुङ्गा निकाल्न नदिनु<br>• वृक्षारोपण<br>• प्रारम्भिक चेतावनी प्रणाली स्थापना गर्नु |
| ४ | बस्ती र भूमिमा पहिरोले क्षति पुर्याएको | • अव्यवस्थित सडक निर्माण<br>• वन विनाश<br>• भिरालो जमिनमा बसोबास<br>• गरिबीका कारण जोखिम स्थानमा बसोबास<br>• वृक्षारोपण नभएको | • भौतिक, आर्थिक र पर्यावरणीय हानी<br>• कृषि भूमि, पानी ट्याङ्की, नहरहरु क्षतिग्रस्त हुनु<br>• बस्तीहरुको जोखिम | • सडक निर्माणमा प्राविधिकहरु लगाई व्यवस्थित गर्नु<br>• जोखिम बस्तीहरूको स्थानान्तरण गर्नु<br>• घर र विद्यालयका भवनहरु निर्माण गर्नु अघि जोखिम विश्लेषण गर्नु<br>• वृक्षारोपण<br>• चेक ड्याम निर्माण गर्नु |
| ५ | आगलागीबाट बस्ती सम्पतिको क्षति | • लापरवाही<br>• जङ्गलको सामपिप्यतामा बस्तीको विकास<br>• आगलागी नियन्त्रण उपकरणको अभाव<br>• खर, परालको छाना<br>• खडेरी | • निजी सम्पति र घरहरुको क्षतिग्रस्त हुनु<br>• वन तथा जैविक विविधतामा ह्रास<br>• वायु प्रदूषण<br>• पशु गोठ क्षतिग्रस्त हुनु<br>• पशु र बस्ती जोखिममा पर्नु | • आगलागीबारे जनचेतना जगाउने<br>• लापरवाही गर्नेलाई सजाय<br>• वडा तहमा बारुण यन्त्रको व्यवस्थापन<br>• वनजंगल नजिकै बस्ती र संरचना बनाउन अनुमति नदिने<br>• वनमा अग्नी नियन्त्रण रेखा निर्माण गर्नु |
| ६ | बाँदर र वँदेलद्वारा वालीको क्षति | • बाँदर र बँदेलको संख्या वृद्धि हुनु<br>• वन जंगलको नजिकै बस्ती विकास हुनु<br>• वन जंगल नजिकैको कृषिजमीन हुनु<br>• बाँदर र बदेलको लागि जंगलमा खाद्यवस्तु नपाउनु<br>• वन डढेलो | • बाली, फलफूलमा र तरकारीमा क्षति पुग्नु<br>• | • बाँदर भगाउन ठूलो आवाज सिर्जना गर्ने मेसिनको प्रयोग<br>• मानव पुतला बनाई खेतवारीमा राख्ने<br>• बाली जमिन<br>• कृषि भूमिमा तारबार लगाउने<br>• जंगलमा नास्पती, आरुबखडा, केरा जातका फलफूल लगाउने |
| ७ | वाली तथा फलफूलमा खडेरीको क्षति | • जलस्रोतको अभावको कारण खोला नाला सुक्नु | • बाली, तरकारी र फलफूल क्षतिग्रस्त | • समुदायलाई लिफ्ट पद्दतिदावारा पानी उपलब्ध गराउने |

| | | | | |
|---|---|---|---|---|
| | | • *समयमै पानी नपर्नु*<br>• *वर्षाको पानी संकलन हुनु*<br>• *परम्परागत कृषि अभ्यासहरू* | • *समुदायमा आगलागी*<br>• | • *वर्षाको पानी संकलनको अभ्यास*<br>• *पानीको व्यवस्थित प्रयोग*<br>• *द्रुत उत्पादन हुने बीजको प्रयोग हेर्नुहोस्* |
| *८* | *कृषि, तरकारी र फलफूलमा असिनाले क्षति पुऱ्याएको* | • *तरकारी खेतीमा टनेलको अभ्यास नहुनु*<br>• *टनेलको लागि सामग्रीको अभाव* | • *बाली, तरकारी र फलफूल क्षतिग्रस्त*<br>• | • *टनेल खेती गर्नु*<br>• *द्रुत उत्पादन हुने वालीहरु लगाउनु*<br>• *बालीमा कम क्षति हुने बीउको प्रयोग गर्नु*<br>• *समयमै बाली भित्र्याउने*<br>• *बेमौसमी खेती गर्ने* |

स्रोतः जोखिम संवेदशनशिल भू – उपयोग योजना दुल्लू नगरपालिका, २०७८

विभिन्न स्रोत सामग्रीहरुको अध्ययन साथै वडा कार्यालयहरुसंग सम्न्वय र बैठकहरुको आधारमा नगरपालिका भित्र हुन सक्ने प्रकोप जोखिमको विवरण :

**तालिका न. ५**

**वडा कार्यालयहरुको भ्रमण/ बैठकहरु र विभिन्न स्रोत सामग्रीहरुको अध्ययनको अधारमा यस पालिकामा भएका विपद् जोखिमको विवरण**

## वडा न. १

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत २० वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | तल्लोडुङगेश्वर लोहोरेखोलाबाट जोखिम बस्ती तल्लोडुङगेश्वर बजार ।<br><br>पहिरो बाट जोखिम बस्तीहरु देउतीचौर वडबाटा गम बजाड खौला बस्तीहरुमा | विशेष वर्षायामा भएको | तल्लोडुङगेश्वर वारी बजारका २० घरधुरी विस्थापित २०६५/०६६ सालमा<br><br>देउतीचौर वडाबाटा गम बजाड खौला १६ घरधरी तथा |
| २ | हावाहुरी/ आगलागी | आगलागी तथा हावाहुरीबाट जोखिम बस्तीहरु नाउलेगाउँ,ठाटा,झाडगाउँ,टिमिलापानी, तल्लोडुङगेश्वर,बोकराना,बस्तीहरु भौलु,बाङगाताडा,बनक्षेत्र मा | फागुन देखि महिना असार सम्म | १० वटा घरको छाना उडाएको २०७५/०७६ सालमा<br>भौलुरानी ढुङगा तथा भौलु गिठीखोला सामुदायिक बनमा आगलागी २०७४ देखि २०७९ |
| ३ | सडक दुर्घटना | सुर्खेत जुम्मा कर्णाली राजमार्ग र तल्लोडुङगेश्वर दुल्लू पिपलकोट सडक | सधै /बर्षै भरी | १ जना मृत्यु १ जना घाइते दुल्लू सडकमा २०७७ सालमा |
| ४ | असिना पानी | सम्पुर्ण द.न.पा.१ का बस्तीहरु | कार्तिक मंसिर महिना | १ नं.वडाका सम्पुर्ण धान बालीमा असिना पानीले क्षेती गरेको घरधुरी ५०० मा २०७४ |
| ५ | सुख्खा खडेरी | दुल्लू नगरपालिका वडा न. १ का सबै खेति योग्य जग्गा | बाली लगाउने महिनाहरु | २०६८ साल देखि २०७८ साल सम्म |
| ६ | जंगली जनावर आतंक | जंगली जनावर आतंकबाट अति जोखिम हुने बस्तीहरुः तल्लोडुङगेश्वर,भौलु,गिडिखोला बोकराना टिमिलापानी बस्तीहरुमा | १२ महिनामा | मदन वादीलाई २०७६ सालमा बंदेल ले घाइते बनाएको मकै तथा धान बालीमा क्षेती |

| क.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत २० वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| ७ | कमजोर पूर्वधार, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | दुल्लू न.पा. वडा नं.१ कार्यालय तथा आधारभूत विद्यालय देउतीचौर | | |

## वडा न. २

| क.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | भावरराले सिमगांडा पानसैन, पानसैन भारीमेले तारापानी तरिया ढल नभएको [illegible] | वर्षायाम | लगभग २० लाख बराबर को धनको क्षति भएको |
| २ | हावाहुरी/ आगलगी | तारापानी तरिया | फाल्गुन देखि जेठ | २० घरधुरीमा हवाहुरीले घरको छानो मा आगो लागेर छाना |
| ३ | सडक दुर्घटना | कर्णाली राजमार्ग | | सडक दुर्घटना ४ जना घाइते |
| ४ | सुख्खा खडेरी | श्यामेलो बस्ती, पानसैन रालेपिडं मध्य गाउं दलित बस्ती | फाल्गुन देखि जेठ | वडा नं २ पुरै |
| ५ | जंगली जनावर आतंक (बाँदर र बंदेल) | बाँदर र बंदेल का कारण खेती पाती नष्ट भएको | खेतीपातीको समय | वडा नं २ पुरै |
| ६ | कमजोर पूर्वाधार, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु | भूवाचौर, धारपानी नरेश्वर, भानेश्वर मा.वि., स्वास्थ्य चौकी नाउलेकटुवाल | | |
| ७ | कोभिड-१९ | कोभिडको कारणले वडा नं २ मा महामारी | २०७७ | १ जनाको मृत्यू |

## वडा न. ३

| क.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | नउला-१ छोरेखेत पहिरो, इग्रेन, बोड खोला, रालेखोला, पुडेनी छहरे खोला, छापे गैरा, नेपागाड, उतिसैनि, वासकोट, आरुगैरा,खनिगाउ, गगन जनज्योति,पोखरीपाटा,जोगेढाल्का, मष्टानारायण लघु लामासाज | वर्षायाम | पोखरी, १३३ रोपनी खेतीबारी बगेको तथा पुरिएको, छापेगैरा गाइसैन खोलाले १०० रोपनी जग्गा कटान भएको |

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| २ | हावाहुरी /आगलगी | सम्पूर्ण वडा न ३ | फागुन देखि महिना असार सम्म | खेतीबाली तथा जिउ धन नै नष्ट भएको |
| ३ | सडक दुर्घटना | | | |
| ४ | सुख्खा खडेरी | सम्पूर्ण वडा न ३ | २०१३ र २०६७ | |
| ५ | जंगली जनावर आतकं | सम्पूर्ण वडा न ३ बाँदर र बंदेल का कारण खेती पाती नष्ट भएको | खेतीपातीको समय | खेती पाती नष्ट |
| ६ | असिना पानी | सम्पूर्ण वडा न ३ | २०४५ र २०७४ | खेती पाती नष्ट |
| ७ | कमजोर पूर्वधा, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | | | |

## वडा न. ४

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | सडक कटानले गर्दा घट्टेखोला,सानगाउं, बडीमुल, टिमुरगाउं, बगेखोला,सिरुपाटा, नेपागाड,उतिसेनि, रावनदेव, देउखुरी, काठेकाउल,बर्मदेव, तल्लीपाउं दलित बस्ती बान्देव आदि ठाउंमा पहिरो गएको | विगत १० वर्ष देखि निरन्तर | मानविय क्षति नभएको तर जग्गा जमिनको अत्यधिक क्षति भइ बस्ती सारनु पर्ने बाध्यता सृजना भएको |
| २ | आगलागी/हावाहुरी | मानवीय कारण (चुरोट खाएर जथाभावी फाल्ने, बच्चा बच्ची को हाथमा प्रज्जवलनशील सामग्री दिने जस्ता क्रियाकलापहरु) आगलागी भएका स्थानहरु माछारंगे सा. वन सिरुपाटा सा. वन ठाडोलेख बारतडीसा. वन तथा सानगाउं बडीमूल, भण्डारी गाउं, टिमुरगाउं, शान्तिबजार, रसियापाटा, बगौरा, डाडांआवत लगायतका बस्तीमा वर्षेनी घरमा आगलागी हूने गरेको र हवाहुरी कारणले घरको छानो उडाउने गरेको | फाल्गुन देखि जेठ | प्रत्येक वर्ष १० देखि १५ घरमा क्षति हुने गरेको<br>मानवीय क्षति नभए पनि जग्गा जमिन तथा धनको ठुलो नोक्सानी हुने गरेको |
| ३ | सडक दुर्घटना | शान्तिबजार, भण्डारी गाउं | ३ वर्ष अघि | १ जनाको जीप दुर्घटना र १ जनाको भिर बाट लडेर मृत्यू भएको |

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| ४ | सुख्खा खडेरी | तेल पोखिया, कृष्णकोट, पुकार्ना | ४ वर्ष अघि | पिउने पानीको समस्या तथा कृषि उत्पादनमा ह्रास |
| ५ | जंगली जनावर आतकं (बंदेल र बाँदर) | भण्डारी गाउमा बंदेलले मानिरमा आक्रमण गरेको र दुल्लू न.पा.को माथिल्लो भेगमासानगाउं बडीमूल, शान्तिबजार क्षेत्रमा मृग (रतुवा) खरायोले बाली नष्ट गर्ने गरेको, | ४ वर्ष अघि देखि | मानवीय क्षति नभएको तर मान्छे शक्त घाइते बनाएको लगाएका बाली नाली खाने गरेको |
| ६ | कमजोर पूर्वधार, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | कमजोर पुर्वाधार भएका विद्यालयहरु ने.रा आ.वि. मौरीकोट, पंचदेवल आ.वि.तल्लीपाउं, शान्तिसृजना आ.वि. शान्तिबजार, सरस्वती मा.वि. कृष्णकोट | | भवन, खेलमैदान, पिउने तथा सरसफाईका लागी पानीको अभाव |
| ७ | चट्टयाङ्ग | सानगाउं | ४ वर्ष अघि | मानवीय क्षति नभएको तर घर पुर्णरुपमा क्षति भएको |

## वडा न. ५

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो | रनुखाना तल्लो बस्ती, पोखरा तल्लो बस्ती, रिजुको तल्लो | बर्षायाम | |
| | बाढी/ कटान | पुल्तेगाउं, पछेरीपाटा, निमाडा अम्रा जैली बारतडी, गाइखुर सक्लेन र रनुखाना | बर्षायाम | |
| २ | हावाहुरी /आगलगी | दुल्लू नगरपालिका वडा नं ५ को सम्पूर्ण क्षेत्र | खडेरी को समय | |
| ३ | सडक दुर्घटना | | | |
| ४ | सुख्खा खडेरी | दुल्लू नगरपालिका वडा नं ५ को सम्पूर्ण क्षेत्र | फाल्गुन देखि बैशाख | |

## वडा न. ६

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | पहिरोको कारण धन्नाह लुजैं बस्ती जोखिममा छ ।<br>पहिरोको कारण ढणगाउं, लामाआवत, दक्तु बस्तीहरुमा नोक्सान भएको<br>पहिरोको कारण लेखालगाउं विद्यालय जोखिममा छ । | वर्षाको समयमा | करिब ३० घरधुरी र ३०० रोपनी जग्गा अति जोखिममा<br><br>जग्गा जमीनको क्षति हुन गएको<br><br>विद्यालय भवनमा क्षति भएको |
| २ | हावाहुरी /आगलगी | आगलागीका कारण वडाका विभिन्न स्थानमा घरधुरीहरु जोखिमा रहेका तथा कोलगाडे बडमाझ वन क्षेत्र जोखिममा | फाल्गुन देखि जेष्ठ | २० वटा घरधुरी र वन क्षेत्र तथा विद्यालयमा क्षति हुन गएको |
| ३ | असिनापानी | वडाका सम्पुर्ण कृषिक्षेत्रमा क्षति हुन गएको | वर्षाको समयमा | वडा नं ६ का ७५० घरधुरीमा २०७६ सालमा क्षति हुन गएको |
| ४ | जंगली जनावर आतकं (बंदेल र बाँदर) | वनक्षेत्रका बस्ती तथा खेतीयोग्य जमीन तथा पुसाकोट, पानीमुल, मेला, लजैं अरिकाले, तोलीपानी, लेखालगाउं | खेतीपातीको समयमा | प्रतिवर्ष करिब ५० क्विन्टल अन्नबाली नष्ट |
| ६ | कमजोर पूर्वाधार, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | वडाका सबै विद्यालयहरु तथा दलित बस्तीहरु | | |

## वडा न. ७

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | खेतगाउं,साउनबाडा, कालिमाटी, भण्डारगाउं, झिरतला | वर्षायाम (प्रति वर्ष) | १० रोपनी खेतबारी र पाखा बारी बगाएको, सडकको पानी बस्तीमा पसेको |
| २ | हावाहुरी /आगलगी | मा.वि.किर्तिखम्ब र ढुङ्गेआवत,विद्यालय विजया उ.मा.वि.को छाना उडाएको र पर्खाल भत्काएको | २०७५ र २०७७ सालमा<br>फाल्गुन देखि जेठ | अनुमानित १० लाखको क्षति अन्नबालीको क्षति वर्षै पिच्छै हुने गरेको |
| ३ | सडक दुर्घटना | जालहान्ने डाडां बस दुर्घटना २०६४ सालमा | २०६४ सालमा | ३जनाको मृत्यु ५जना घाइते |
| ४ | सुख्खा खडेरी | जलवायु परिवर्तन | फाल्गुन देखि जेठ | |
| ६ | कमजोर पूर्वधा, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | मा.वि.किर्तिखम्ब र ढुङ्गेआवत आ.वि | | मा.वि.किर्तिखम्ब र ढुङ्गेआवत आ.वि |

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| ७ | जंगली जनावर आतकं (बंदेल र बाँदर) | खेतगाउं बस्ती | १० वर्ष पहिले देखि | अनुमानित १ करोडको क्षति |
| ८ | अन्य | ऐतिहासिक दुल्लु दरबार ध्वस्त दव्दंका कारण | २०५९ साल | अनुमानित १० करोडको क्षति |

## वडा न. ८

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | वर्षातको समयमा पहिरो जाने गरेको स्थान कुरज्यान, भिरताला, खोलाधारा, सिमाखाल,आमकाआवत, दुगान, कुन्टाकोटिया कटान, जुगेधारा, बडीमुग्प्रहा, | वर्षातको समयमा विगत ५ वर्ष देखि | ११५ रोपनी खेत र पाखो बारी बगाएको<br><br>१०० रोपनी खेत र पाखो बारी कटान गरी बगाएको |
| २ | हावाहुरी /आगलागी | जिमलडाडामा रहेको कबडहलको पाता उडाएको, धुलेश्वर मा.वि. चगत्राको छाना उडाएको,जगनाथको देउरामा आगलागी | फाल्गुन देखि जेठ | अनुमानित ३० लाख को क्षति तथा अन्नबालीको नोक्सान |
| ३ | सडक दुर्घटना | चगत्रा बजार घुम्ती मोडले | निरन्तर | ५ जना घाइते |
| ४ | सुख्खा खडेरी | जलवायु परिवर्तन | | |
| ५ | जंगली जनावर आतंक (बाँदर र बंदेल) | बाँदर र बंदेल का कारण खेती पाती नष्ट भएको | विगत ७ वर्ष देखि | अनुमानित १.५ करोड को क्षति |
| ६ | कमजोर पूर्वधा, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | हनुमान आ.वि. गैराबाडी, हनुमान आ.वि बासपानी, कालिका आ.वि साहूबाडा | | |

## वडा न. ९

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | हुडीखोला, नाराघाट बाढीपहिरो क्षेत्र स्यालखोला सोत खोला मध्य पहाडी पुलदेखी मेहलकुनासम्म<br>लितीकोट देखि वोक्से र नाराघाट सम्म<br>पादुका खोला देखि नेपाघाट सम्म<br>धामीगाउँ स्कुलदेखि भजनीया सम्म<br>पादुका मन्दिर ज्वालाघर वगेको | विशेष वर्षा हुने मौसम | ५० घरधुरीको क्षेती ५ हेक्टर जग्गा बगाएको र १५ हेक्टर खेत बगाएको (२०६४)<br>६ हेक्टर खेत वगेको (२०६४)<br><br>१० हेक्टर खेत वगेको २०७८<br>५ हेक्टर खेत वगेको<br>५ हेक्टर जग्गा पाखो बगेको<br><br>१ घर मन्दिर (२०६४) |
| २ | हावाहुरी /आगलगी | आगलीबाट अति जोखिम हुने बस्तीहरुः | फाल्गुन देखि जेष्ठ महिना | १० हेक्टर जग्गामा भएको मकैवाली हावाहुरीले पूर्णरुपमा नष्ट भएको (२०७१)<br>वृद्धाश्रमको छाना उडाएको (२०६४)<br>जमना सार्कीको घर, टेकराज पुरकि मिल, नागरिक सचेतना केन्द्रको भवन गरी ३ वटाको छाना उडाएको २०७९ वैशाख<br>आगलागिबाट दर्थनी टोलमा १ घर पूर्णरुपमा जलेको, १ बच्चा मरेको |
| ४ | सुख्खा खडेरी | वडा न. ९ का सबै खेति योग्य जग्गा | बाली लगाउने महिनाहरु | |
| ५ | सडक दुर्घटना | मुल राजमार्ग र विद्यालय क्रसिंग क्षेत्र | सधै /बर्षै भरी | ३ जना घाइते, धनगढी रोड, २०७१ मोटर साइकल दुर्घटना, २ जना घाइते, राधाकृष्णटोल, |
| ६ | जंगली जनावर आतंक | जंगली जनावर आतंकबाट अति जोखिम हुने बस्तीहरुः<br>दर्थनीटोल, वडीपाटी, सियापाटा,काप्डीकाडा, प्यादुरा, सालमेला, रावतवाडा, भेडीखर्क,आदि टोलहरु | सधै /बर्षै भरी | |
| ६ | कमजोर पूर्वधा, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | श्री नवदुर्गा आ.वि.<br>श्री हंसव्जाला आ.वि.<br>श्री प्रेमदेवी मा.वि.<br>श्री पञ्चकोसी आ.वि. प्यादुरा | | |

## वडा न. १०

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | मुल्की, दुबाडी, राजाकांध, चाउरीया खाल, धाराखेत, सातखम्ब, खोलीखेत, खाडाखेत,चाकट्या खेत, | २०६९ | खेतबारी तथा वनजगंलको क्षति |
| २ | हावाहुरी /आगलगी | दु.न.पा. १० नं वडा पुरै | २०७३, २०७५ र २०७७ | हवाहुरी ले १० वटा घरको छाना क्षति<br>आगलागी का कारण ४वटा घर अन्नबाली र लताकपडा सबै नष्ट |
| ३ | चट्टयाङ्ग | १० नं वडा कार्यालय | २०७७ | विद्युतिय उपकरणहरु क्षति |
| ४ | वर्षात | दु.न.पा. १० नं वडा पुरै | २०६० देखि हाल सम्म | २५ वटा घर, अन्नबाली र लताकपडा सबै नष्ट |
| ५ | सुख्खा खडेरी | दु.न.पा. १० नं वडा पुरै | फाल्गुन देखि जेठ | |
| ६ | कमजोर पूर्वधा, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | | | |

## वडा न. ११

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | बढि वर्षाको समय मालीगाड, लम्तु, भातु, भुकांहा/हुहुगे, तथा बढि वर्षा भएको समयमा सडक खनेको स्थानमा आबादी तथा खेतीयोग्य जग्गा पुरिएको | प्रत्येक वर्ष | खेतियोग्य जमिनको क्षति |
| २ | हावाहुरी /आगलगी | घरका छाना उडाउने, रुख बिरुवा ढल्ने | फाल्गुन देखि जेठ | १५० घरधुरी को छाना क्षति |
| २ | सडक दुर्घटना | सानातिना सडक दुर्घटना हुने गरेको | वर्ष भरी | सवारी साधनमा क्षति |
| ३ | सुख्खा खडेरी | रोगकिराको आक्रमण उत्पादनमा कमी | फाल्गुन देखि जेठ | खाद्यान्नमा कमी |
| ४ | जंगली जनावर आतंक (बाँदर र बंदेल) | बाँदर, बंदेल,बाघ र दुमसी आदी को आतंक | वर्षभरी | खाद्यानमा क्षति |
| ५ | कमजोर पूर्वधा, न्यून सरसफाई र | वडा का सबै विद्यालयहरु | | |
| ६ | चट्टयाङ्ग | घरमा क्षति | वर्षायाम | २० घरधुरी |

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| ७ | अन्य | कोरोना महामारी | विगत ३ वर्ष | १ जना मृत्यु बेरोजगारीको समस्यामा वृद्धि |

## वडा न. १२

| क्र.सं. | जोखिम /संभावित प्रकोप | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो/ कटान | सालघारी १४ घरधुरी, डाब मसुरेखेत, सल्ले घोडावान चादापानी, लमस्तडा बस्ती, ,सियाला खोला | २०७६ साल<br>२०७६ साल<br>२०६५ साल | १४ घरधुरी बस्ने नमिल्ने<br>खेतीयोग्य जमिन नष्ट |
| २ | हावाहुरी /आगलगी | रावतबाडा<br>गडिकचौड<br>भगाडा काटिगाउले | २०७१ साल<br>२०५८साल<br>२०६५ साल | ३ वटा घर जलेको ,भैसी मरेको जलेर |
| ३ | सडक दुर्घटना | रावतबाडा | २०७४ र २०७५ साल | १ जना मृत्यु १जना घाइते |
| ४ | सुख्खा खडेरी | गौरी<br>सल्ले खेतमा | विगत १० वर्ष देखि<br>२०७६ सालमा | खेतिपातीमा समस्या<br>धानको बाला नहालेको २० रोपनी |
| ५ | जंगली जनावर आतंक | दह लम्सु<br>बाँदर, बंदेलको आतंक<br>स्यालको टोकाई बाट | ४–५ वर्ष देखि<br><br>२०७४ | खेतियोग्य जमिन नष्ट<br><br>१जनाको मृत्यु |
| ६ | कमजोर पूर्वधा, न्यून सरसफाई र बाटोघाटो अभाव | दिपज्योति आ.वि. | | बाटोको समस्या |
| ७ | चट्टयाङ्ग | काल्ला घर, दशपाते टोल | २०७१<br>२०७६ | ३ जना घाइते |
| ६ | अन्य | लोहरे खोला बाडी | २०६५ सालमा | ५ जना बगेर मृत्यु |

स्रोतः वडा प्रमुखसंगको प्रत्यक्ष सम्पर्क र नेपाल डेभलप्मेन्ट कन्ष्लटेन्ट प्रा.लि.

## वडा न. १३

| क्र.सं. | जोखिम /संभावित | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| १ | पहिरो / कटान | बढी वर्षाका कारणपहिरो दत्तु छिन्चा खोला साविक ६ खातीगौडा १,३ र ५को बस्ती पहिरोका कारण साविक २ मा ७ जना माजिसको ज्यान गएको | वर्षायाम<br><br>(२०६९ सालमा जेष्ठ १५ गते) | २० रोपनी खेतीबारी नोक्सानी<br><br>पहिरोका कारण साविक २ मा ७ जनाको ज्यान गएको |

| क्र.सं. | जोखिम /संभावित | कारण र स्थान विषेश अवस्था | समय | विगत १५ वर्षमा भएको जन/धनको क्षति |
|---|---|---|---|---|
| २ | हावाहुरी /आगलगी | बढी वर्षातका कारण असिना परी अविरल वर्षा तथा हवाहुरीका कारण (तियाडी प्रा.वि.) | २०७४ साल कार्तिक १२ गते<br>२०७९/०१/१७ गते ( तियाडी प्रा..वि.)<br>२०६५ मा श्री सरस्वती आ.वि. खातीगौडा २०७४ मा श्री छडुङ्गआ.वि.कुनकाटिया | ५ करोड भन्दा माथि को बाली नष्ट भएको<br><br>विद्यालय को भौतिक संरचना लगायत जस्तापाता उडाएको र करिब १२ लाख बराबर को क्षति भएको |
| ३ | सडक दुर्घना | | | |
| ४ | सुख्खा खडेरी | फाल्गुन देखि जेठ | वर्षेनी | १५ हेक्टर जमिनमा खेतीबाली नष्ट |
| ५ | जंगली जनावर आतंक | बाँदर, बंदेल,बाघ र दुमसी आदी को आतंक | वर्षेनी | मानिस तथा खेतीबालीमा नोक्सानी हुने गरेको |
| ६ | चट्टयाङ्ग | बैशाख देखि भाद्र | वर्षेनी | २०६७ सालमा साविक मालिका ९मा १वटा भैंसी को चट्टयाङ्गका कारण मृत्यु |
| ७ | कमजोर पूर्वधा, न्यून सरसफाई र बाटोघाटो अभाव भएका विद्यालयहरु /खुल्ला क्षेत्र | श्री सरस्वती आ.वि.खातिगौडा, श्री भैरव आ.वि.भ्फांप, देउती श्री आ.वि बांसकोट, श्री तियाडी आ.वि.तियाडीस्थान | | १० करोड भौतिक संरचना को क्षति |

स्रोतः वडा प्रमुखसंगको प्रत्यक्ष सम्पर्क र नेपाल डेभलवपमेन्ट कन्स्लटेन्ट प्रा.लि.

### ३.४. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु

| सि.नं. | सूचकहरु | आधार रेखा २०२० को औसत | अल्पकालीन, मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष्य सम्म लक्ष्य २०३० सम्म | |
|---|---|---|---|---|---|
| **१** | दुल्लू नगरपालिकामा विपद्बाट हुने मानवीय क्षति घटाउने | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या | **१५** | **१०** | **५** | |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या घटाउने | **२** | **१** | **१** | |
| २ | दुल्लू नगरपालिकामा विपद्बाट प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य मात्रामा कम गर्ने | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारको वार्षिक औसत संख्या | **१३०** | **६५** | **६५** | |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | **१०** | **५** | **५** | |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुनेहरुको औसत संख्या | **५** | **२** | **३** | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४ | विपद्बाट क्षति हुने घरहरुको वार्षिक औसत संख्या | १४५ | ८० | ६५ | |
| ३ | दुल्लू नगरपालिकामा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षति उल्लेख्य रुपमा कमगर्ने | | | | |
| ३.१ | विपद्बाट नोक्शान हुने औसत आर्थिक क्षति | ५,००,००,०००। | २५०,००,०००। | २५०,००।०००। | |
| ४ | **दुल्लू नगरपालिकामा आधारभूत सेवाहरु र महत्वपूर्ण पूर्वाधारमा विपद्ले पुर्याउने क्षति र अवरोध उल्लेख्य रुपमा कम गर्ने** | | | | |
| ४.१ | स्वास्थ्य संस्थाका भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | १५ | ५ | १० | |
| ४.२ | कक्षाकोठाहरुको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | १२० | ३५ | ८५ | |
| ४.३ | विद्यालय भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | ५८ | ु३० | २८ | |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागी नमुना विद्यालय तयार गर्ने | ५ | २ | ३ | |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | १३ | १० | ३ | |
| ४.६ | खानेपानी संरचनाहरुको मर्मत गरी उत्थानशीलता विकास गर्ने | २७ | १६ | ११ | |
| ४.७ | एकीकृत जलश्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत | ३५ | १० | २५ | |
| ४.८ | वायोइन्जिनियरीङ्ग प्रविधिद्धारा नदी किनारको संरक्षण | २५ | १० | १५ | |
| ४.९ | प्रमुख जलाधार क्षेत्रहरुको संरक्षण | १० | ६ | ४ | |
| ४.१० | ताल,सिमसार क्षेत्र तथा पोखरीहरुको संरक्षण | २६ | १५ | ११ | |
| ४.११ | जलवायुमैत्री कृषि प्रविधिहरुको प्रवर्द्धन | २० | १० | १० | |
| ४.१२ | जलवायुमैत्री गाउँ प्रवर्द्धन | ३ | १० | १५ | |
| ५ | दुल्लू नगरपालिकामा विपद् जोखिम न्यूनीकरणको संस्थागत संरचना तयार गर्ने | | | | |
| ५.१ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय रुपमा सञ्चालन गर्ने | १ | १ | | |
| ५.२ | विपद् तथा जलवायु सूचना केन्द्र सञ्चालन भएको वडा संख्या | १ | ९ | ३ | |
| ६ | दुल्लू नगरपालिकामा बहुप्रकोप, पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको व्यवस्थापन र उपलब्धतामा उल्लेख्य वृद्धि गर्ने | | | | |
| ६.१ | कुल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | २५ | १० | १५ | |
| ६.२ | नगर क्षेत्रभित्रका विपद् प्रभावित स्थानको अनुपातमा सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | २५ | १० | १५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.३ | सामूदायिक खोज तथा उद्धार टोली गठन भएको वडाहरुको संख्या | १३ | ८ | ५ | |
| ६.४ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | | | | |

स्रोतः इलाका प्रहरी कार्यालय, दुल्लू र ट्राफिक प्रहरी कार्यालयमा प्रत्यक्ष सम्पर्क, भौतिक पूर्वाधार शाखा र जोखिम संवेदशनशिल भू – उपयोग योजना दुल्लू नगरपालिका, २०७८

### ३.४ प्राथमिकता प्राप्त क्षेत्रहरू

यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गरेको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्य ढाँचालाई र विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० लाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन र मध्यकालीन (सन् २०२२-२०२५), दीर्घकालीन (सन् २०२२-२०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

**प्राथमिकता प्राप्त क्षेत्र १: स्थानीय सरोकारवालाहरुलाई विपद् जोखिम सम्बन्धी ज्ञान र बुझाई**

प्राथमिकता प्राप्त कार्य १: जोखिमको वृहत नक्साङ्कन र सार्वजनिकरण
प्राथमिकता प्राप्त कार्य २: जोखिमको नक्साङ्कनमा संस्थागत र एकरुपता
प्राथमिकता प्राप्त कार्य ३: ज्ञान व्यवस्थापन र सूचना प्रणाली
प्राथमिकता प्राप्त कार्य ४: सरोकारवालाहरुको क्षमता अभिवृद्धि ।

**प्राथमिकता प्राप्त क्षेत्र २ : विपद् शासकिय पद्धतीको सुदृढिकरण**

प्राथमिकता प्राप्त कार्य ५: स्थानीय / समुदाय स्तरमा संस्थागत विकास
प्राथमिकता प्राप्त कार्य ६: कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता
प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र
प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३: लगानी प्रबर्द्धन र उत्थाशिलता वृद्धि**

प्राथमिकता प्राप्त कार्य ९: जिविकोपार्जन र उत्थानशिल क्षेत्रमा लगानी
प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि
प्राथमिकता प्राप्त कार्य ११: नीजि क्षेत्रको संलग्नता र लगानी वृद्धि
प्राथमिकता प्राप्त कार्य १२: सामाजिक सुरक्षा तथा बीमा जोखिम हिस्सेदारी मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्व तयारी**

प्राथमिकता प्राप्त कार्य १३: प्रतिकार्य योजना
प्राथमिकता प्राप्त कार्य १४: बहु आयामिक कार्यदल र क्षमता वृद्धि
प्राथमिकता प्राप्त कार्य १५: समुदाय केन्द्रीत विपद् व्यवस्थापन कार्यक्रम
प्राथमिकता प्राप्त कार्य १६: संचार सामग्री र प्रसारणमा सुधार
प्राथमिकता प्राप्त कार्य १७: खोज तथा उद्धार क्षमता
प्राथमिकता प्राप्त कार्य १८: अझ बलियो र राम्रो पुनर्निर्माण

## परिच्छेदः चार

## ४. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु

### ४.१.प्राथमिकता प्राप्त १ : स्थानीय सरोकारवालाहरुलाई विपद् जोखिम सम्बन्धी ज्ञान र बुझाइ

दुल्लु नगरपालिकामा कुन स्थानमा के कस्ता विपद्को जोखिम छ, कति समुदाय र जनसंख्या जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्दछन् भन्ने कुरा बहुप्रकोपको लेखाजोखा, जोखिम आँकलन तथा नक्शाङ्कनबाट जानकारी हुनेहुँदा बहुप्रकोप जोखिम सम्बन्धी सूचनाहरु, व्यवस्थित तथा अद्यावधिक गरी नीति निर्माण र समुदायलाई सहज उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । विपद् सम्बन्धि सूचना संकलन, प्रशोधन, व्यवस्थापन तथा त्यसको प्रसारको लागि दुल्लु नगरपालिकाका नेतृत्व, कर्मचारी, समुदाय तथा सम्वद्ध निकायहरुको पर्याप्त क्षमता बिस्तार गर्नु आवश्यक छ । तसर्थ विपद् जोखिमबारे बुझाई अभिवृद्धि गर्न विभिन्न प्राथमिकता प्राप्त कार्यहरुलाई अल्पकालीन/मध्यकालिन लक्ष्य (सन् २०२५ (आ.व. २०८१/८२) र दीर्घकालीन लक्ष्य (सन् २०३० (आ.व. २०८७/८८) निर्धारण गरिएको छ ।

**प्राथमिकता प्राप्त कार्यहरु**

### ४.१.१: जोखिमको वृहत नक्साङ्कन र सार्वजनिकरण

जोखिम संवेदनशील भू–उपयोग योजनाको प्रतिवेदन अनुसार दूल्लु नगरपालिका बहुप्रकोपको जोखिममा रहेको छ । भूकम्प, पहिरो, सडक दुर्घटना, आगलागी, महामारी यहाँका दोहोरिइरहने प्रमुख प्रकोपहरु हुन् । बहुप्रकोप सम्मुखता, समुदायको संकटानता र समुदायमा उपलब्ध क्षमताका आधारमा जोखिमको आँकलन, जोखिम नक्शाङ्कन यस नगरपालिकाले अपनाउनु आवश्यक छ । बहु जोखिमको अवस्थालाई समुदायमा सार्वजनिक गरी, विपद जोखिमको लेखाजोखा र आँकलनको लागि देहाय बमोजिम रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न किसिमका विपद्हरूबाट मृत्यु हुनेको संख्या नगरपालिका मार्फत् विपद् पोर्टलमा अध्यावधिक गर्ने | मत्युहरुको वास्तविक तथ्यांकको अधावधिक अभिलेख हुनेछ । | घटना पश्चात् तुरुन्त/अल्पकालीन | वडा कार्यालय | नगरपालिका | ५००००० |
| २ | विभिन्न किसिमका विपद्हरूबाट प्रभावित हुनेको संख्या नगरपालिका मार्फत विपद्पोर्टलमा अद्यावधिक गर्ने | वास्तविक संख्याको अभिलेख निर्माण हुनेछ । | घटना पश्चात् तुरुन्त/अल्पकालीन | वडा कार्यालय | नगरपालिका | ५००००० |

| क.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| ३ | विभिन्न किसिमका विपद्हरूबाट भएको क्षति (आर्थिक/भौतिक)को आंकलन गरी प्रभावित हुनेको संख्या नगरपालिका मार्फत् विपद् पोर्टलमा अध्यावधिक गर्ने | वास्तविक संख्याको अभिलेख निर्माण हुनेछ | घटना पश्चात् तुरुन्त शुरु गरिहाल्नुपर्ने/अल्पकालीन | वडा कार्यालय | नगरपालिका | ५००००० |
| ४ | जोखिम संवेदनशील भू–उपयोग योजना मार्फत पहिचान गरीएका प्रमुख प्रकोपहरूको जोखिम संवेदनशील क्षेत्रहरुलाई सार्वजनिक गर्ने | बस्ती स्तर देखि पालिका स्तर सम्म योजना निर्माण गर्न सजिलो हुनेछ | आ.व.२०७९/८० अल्पकालीन | सामुदायिक, वडा कार्यालय | नगरपालिका/सहयोगी सं स्था | २५०००० |
| ५ | नगरपालिकाको जोखिम संवेदनशील भू–उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | आर्थिक/भौतिक तथा मानविय क्षति कम हुनेछ | आ.व.२०७९/ ८० दीर्घकालीन | नगरपालिका | सहयोगी संघ/संस्था | |
| ६ | महामारीबाट सुरक्षाको लागि चेतनामूलक तथा सूचनामूलक सामग्रीको विकास, प्रसार तथा सामाजिक परिचालनको कामलाई निरन्तरता गर्ने साथै उक्त सूचना सामग्रीलाई सबैले बुझ्ने माध्यममा उपलब्ध गराउने जस्तै ब्रेल, सांकेतिक भाषा, स्थानिय भाषा, भिडियो, अडियो आदि । | आर्थिक/भौतिक तथा मानविय क्षति कम हुनेछ | आ.व.२०७८/ ७९ दीर्घकालीन (प्रत्येक आर्थिक वर्षमा गर्नुपर्ने), अल्पकालीन | नगरपालिका | सहयोगी संघ/संस्था | ५००००० |

| क्र.सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| ७ | मुख्य पूर्वाधार संरचना र सेवाहरुका आगलागी नियन्त्रण सम्बन्धी उपकरण राख्ने, राखिएका उपकरणहरुको चेक जाँच गर्ने | आगलागीको जोखिम घट्नेछ | आ.व.२०७९/८० दीर्घकालीन (प्रत्येक आर्थिक वर्षमा गर्नुपर्ने), मध्यकालीन | नगरपालिका | सहयोगी संघ/संस्था | ५०००००० |
| ८ | सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान सहित प्रकोप आँकलन तथा नक्शांकन गरी जोखिम क्षेत्र निर्धारण गर्ने | सडक दुर्घटनाको प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | आ.व.२०७९/ ८० दीर्घकालीन (प्रत्येक आर्थिक वर्षमा गर्नुपर्ने) अल्पकालीन | नगरपालिका | सहयोगी संघ/संस्था | १००००० |
| ९ | छाडा गाई वस्तु नियन्त्रणका लागि सो मार्फत उत्पादक मुलक कार्यक्रम संचालन गर्ने | खेतमा अन्न बाली सुरक्षित हुनेछ | आ.व.२०७९/ ८० दीर्घकालीन (प्रत्येक आर्थिक वर्षमा गर्नुपर्ने) मध्यकालीन | नगरपालिका | सहयोगी संघ/संस्था | २५०००० |
| १० | नगरपालिका जोखिम संवेदनशील भू–उपयोग योजना को बहुप्रकोपको लेखा जोखा गरी प्राप्त नतीजाको आधारमा प्रकोपको प्रकृति अनुरुपका पूर्वतयारी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने | नगरपालिकाको बहुप्रकोप जोखिमको लेखाजोखा प्रतिवेदन सहित जोखिम न्यूनीकरणका काम सुरु भएका हुनेछन् | दीर्घकालीन | नगरपालिका | सहयोगी संघ/संस्था | ५००००० |
| ११ | दुल्लू नगरपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७८ लाई प्रत्येक वर्ष अध्यावधिक गर्ने | पूर्वतयारी तथा प्रतिकार्य गर्न सजिलो हुनेछ | दीर्घकालीन | नगरपालिका | सहयोगी संघ/संस्था | २५०००० |

### ४.१.२ जोखिमको नक्साङ्कनमा संस्थागत र एकरुपता

बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनको लागि जिल्ला, प्रदेश र केन्द्रिय निकायहरुसंग समन्वय संयन्त्र स्थापना गर्न निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्:

| क्र.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| १ | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषय ( प्रकोप, सम्मुखता, सङ्कटा उन्मुखता र जोखिम) मा तथ्याङ्क संकलनको लागि एकरूपता कायम गर्न स्थानीय विपद व्यवस्थापन समितिहरु मार्फत समन्यव गर्ने र परिचालन समितिहरु गर्ने | प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम भएको हुनेछ | अल्पकालीन | नगरपालिका | स्थानीय विपत् व्यवस्थापन समिति, सामुदायिक विपत् व्यवस्थापन समिति,स्थानिय आपतकालीन संचालन केन्द्र, वडा कार्यालय, नेपाल रेडक्रस तथा विकास साझेदार | २५०००० |
| २ | लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रभावको लागि अन्य नगरपालिकासँग साझेदारीमा आयोजनाको संयुक्त व्यवस्थापन गर्ने | सर्वसाधारणका लागि खुला श्रोत स्वरूपमा महत्वपूर्ण पूर्वाधार र आवासको बहु-प्रकोप जोखिम जानकारी उपलब्ध भएको हुनेछ | अल्पकालीन | नगरपालिका | प्रदेश सरकारका मन्त्रालयहरु तथा खानी तथा भूगर्भ विभाग, जल तथा मौसम विज्ञान विभाग, सहरी विकास तथा भवन निर्माण विभाग तथा विकास साझेदार | ५००००० |
| ३ | वातावरण तथा विपद् व्यवस्थापनसंग सम्बन्धित साझा सरोकारका विषयहरुमा विभिन्न कृयाकलापहरुको पहिचान तथा सहकार्य र समन्वय क्षेत्रहरुको पहिचान गरी गर्न र कार्यान्वयनको लागि पहल गर्ने । | वार्षिक कार्यक्रम तथा बजेट अन्तर स्थानीय तहसँगको सहकार्यमा आयोजना कार्यक्रम कार्यान्वयन गर्न सजिलो हुने | अल्पकालीन | नगरपालिका | अन्य गाउँ पालिका वा नगरपालिका | १५०००० |

### ४.१.३ ज्ञान व्यवस्थापन र सूचना प्रणाली

| क्र.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| १ | विपद पोर्टल अद्यावधिक गर्ने जोखिम सुचना साझेदारीका लागि सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, विकास साझेदार, रेडक्रस अभियान, संचार मिडिया लगायतका सवैसँग स्थानीय स्तरमा सहकार्य गर्ने | जोखिम सुचना साझेदारीमा सहकार्य हुनेछ | निरन्तर | नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस तथा विकास साझेदार | १००००० |
| २ | नगर तथा वडा स्तरमा पालिकाले सूचनामा आधारित विपद् जोखिम व्यवस्थापन समितिको नियमित बैठक बस्ने र नगरमा भएको प्रकोप, विपद व्यवस्थापन सम्वन्धि छलफल प्रणालीको विकास र स्थापना गर्ने | प्रत्येक वडा र समुदाय विपद जोखिम सूचना प्रणालीमा आवद्ध हुनेछन । | दिर्घकालिन | नगरपालिका | वडा कार्यालय | ५००००० |
| ३ | विपद व्यवस्थापन समितिका सदस्यहरुलाई आवश्यक तालिम, तथा शीपमूलक अर्न्तक्रिया कार्यक्रम आयोजना गर्ने ।<br>नगर पालिका अन्तर्गत स्थानीय आपतकालीन कार्य संचालन केन्द्र स्थापना भइसकेकाले केन्द्रीय संचालन केन्द्र र प्रादेशिकसँग कार्यगत सम्बन्ध विस्तार गर्ने । | केन्द्र र प्रादेशिकसँग कार्यगत सम्बन्ध विस्तार गर्ने । | दिर्घकालिन | नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस तथा विकास साझेदार | ५००००० |
| ४ | स्थानीय आपतकालीन कार्य संचालन केन्द्रका लागि नियमित रुपमा कार्य संचालनका लागि १ जना कर्मचारी को व्यवस्थापन तथा उपकरणहरु अद्यावधिक गर्ने कार्यको व्यवस्थापन गर्नपर्ने | स्थानीय आपतकालीन कार्य संचालन केन्द्रको काम नियमित हुनेछ | दिर्घकालिन | नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस तथा विकास साझेदार | ५००००० |

| क्र.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| ५ | सूचना तथा प्रविधि शाखा तथा आपत्कार्य सञ्चालन केन्द्र बीच समन्वय कायम गर्ने बाढी पहिरो, भूकम्प जस्ता ठुला विपद्लाई पूर्व सूचना प्रणालीमा आधारित विपद् व्यवस्थापन गर्न प्रभावकारी रणनीति तयार गरिने । | विपद् पूर्व सूचना सम्प्रेषण भई क्षतिमा न्यूनिकरण हुनेछ | दिर्घकालिन | नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस तथा विकास साझेदार | ५००००० |

### ४.१.४ सरोकारवालाहरुको क्षमता अभिवृद्धि ।

विपद् जोखिम बारे बुझाईका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु गर्नु पर्ने आवश्यकता छ । विद्यमान प्रशिक्षण केन्द्रहरुका क्षमता अभिवृद्धि गर्ने र राष्ट्रिय देखि स्थानीय स्तरसम्म विपद् जोखिम न्यूनीकरणका लागि प्रशिक्षण र अनुसन्धान केन्द्रहरु स्थापना गर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छन् ।

| क्र.सं. | रणनीतिक कियाकलापहरु ( के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | |
|---|---|---|---|---|---|---|
| १ | सबै वडामा विभिन्न समुदायका दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, संकटउन्मुख , यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायहरु र सम्पूर्ण सरोकारवालाहरुको लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी पाठ्यक्रमको | संकटउन्मुख समुदायहरु र सरोकारवालाहरुको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता विकास भएको हुनेछ । | अल्पकालिन | वतावरण तथा विपद् व्यवस्थापन शाखा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठान | ५००००० |

| क.सं. | रणनीतिक कियाकलापहरु ( के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | |
|---|---|---|---|---|---|---|
| २ | विद्यार्थी, अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरुका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन खेल्नुपर्ने भूमिकाबारे जानकारी मूलक सामग्री बनाई प्रचार प्रसार गर्ने, तालीम प्रदान गर्ने र विभिन्न तहमा अनुभवको आदान प्रदान गर्ने। | विद्यार्थी, अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरुको विपद् जोखिम बुझाईमा क्षमता वृद्धि भएको हुनेछ। | अल्पकालीन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्थानीय विपद् व्यवस्थापन समिति | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहमा कियाशिल गैर सरकारी संस्थाहरु | |
| ३ | पेशेवर सवारी चालकहरुको लागि नियमित सडक सुरक्षा शिक्षा कार्यक्रमहरु सञ्चालन गर्ने | सडक दुर्घटना कम गर्न पेशेवर सवारी चालकहरुको क्षमता विकास भएको हुनेछ। | अल्पकालिन | नगरपालिका | वडा कार्यालय/सुरक्षा निकाय | १३०००० |

| क.सं. | रणनीतिक कियाकलापहरु ( के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | |
|---|---|---|---|---|---|---|
| ४ | राजनीतिक दल तथा भातृ संगठनहरुका सदस्यहरु निर्वाचित जनप्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद् जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई विपद् जोखिम न्यूनीकरण ऐन, नियम, नीति, रणनीतिक कार्ययोजना बारे अभिमुखिकरण गर्ने | विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नियामक व्यवस्था बारे व्यापक जानकारी भै निर्णय प्रक्रिया प्रभावकारी भएको हुनेछ। | अल्पकालीन | नगरपालिका | वडा कार्यालय | १००००० |
| ५ | बस्ती स्तरमा सामुदायिक समाबेशी विपद् व्यवस्थापन गठन गर्ने | विपद् जोखिम न्यूनीकरण गर्ने र गराउन सजिलो हुनेछ। | अल्पकालीन | वडा कार्यालय | नगरपालिका | |
| ६ | व्यापारी, व्यवसायी र उद्यमीहरुलाई विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण दिई उनिहरुको जवाफदेहीता, सहभागिता र जिम्मेवारीबोध बढाउने। | नीजि क्षेत्र विपद् जोखिमबारे जानकार भई जिम्मेवार भएको हुनेछ। | अल्पकालीन | वडा कार्यालय | नगरपालिका | ५०००० |

| क.सं. | रणनीतिक कियाकलापहरु ( के, कहाँ) | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | |
|---|---|---|---|---|---|---|
| ७ | विपद् जोखिम सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि विस्तृत राष्ट्रिय र स्थानीय स्तरको कार्यक्रमको विकास गरी संचालन गर्ने | विपद् जोखिम सम्बन्धी चेतना अभिवृद्धि भएको हुनेछ । | अल्पकालीन | नगरपालिका | नेपाल सरकार, प्रदेश सरकार, गैर सरकारी संस्थाहरु | ५००००० |
| ८ | वडा र समुदाय स्तरमा विभिन्न कार्यदल गठन, गरी क्षमता विकासलाई विस्तार र संस्थागत गर्ने | विभिन्न कार्यालयले विपद् जोखिम न्यूनीकरणमा सकृय भूमिका निर्वाह गरेका हुनेछन् । | अल्पकालिन | वडा कार्यालय | समुदाय, स्थानीय विपद् व्यवस्थापन समिनि | ५००००० |
| ९ | स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, २०७९ अनमोदनको साथै | विपद् आएको बेला सहयोग हुनेछ | अल्पकालिन | वडा कार्यालय, तयार नेपाल | समुदाय, स्थानीय विपद् व्यवस्थापन समिति, | १००००० |
| १० | वातावरण तथा विपद व्यवस्थापन शाखा कार्य सञ्चालन निर्देशिका तयार गर्ने | वतावरण तथा विपद व्यवस्थापन शाखालाई काम | अल्पकालिन | नगरपालिका | गैर सरकारी संस्थाहरु, तयार नेपाल | १००००० |

## ४.२ प्राथमिकता प्राप्त क्षेत्र २ : विपद् शासकिय पद्धतीको सुदृढिकरण

विपद् जोखिम शासकीय पद्धतिको स्थापना तथा सुदृढीकरण जोखिम बुझ्ने तथा न्यूनीकरण र व्यवस्थापनको प्रयासका लागि पहिलो अनिवार्य शर्त हो । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचनाको स्थापना र सुदृढीकरण र आवश्यक नीति तथा कानूनको तर्जुमा गर्नुपर्ने हुन्छ । विभिन्न क्षेत्रगत विकास योजना मार्फत विपद् जोखिम न्यूनीकरणका कार्यलाई मुलप्रवाहीकरण गर्न आवश्यक संयन्त्र र प्रकृया निर्धारण गर्नुपर्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नागरिक सरोकारको सम्बोधन तथा शासकीय पद्धति समावेशी र जोखिममा रहेका समूहमैत्री पनि हुनुपर्छ । संघीय संविधान बमोजिम विपद् व्यवस्थापनको लागि पनि नयाँ अवधारणा अनुसार संघीय नीति, कानून र रणनीतिक कार्ययोजना तयार भएको अवस्थामा स्थानीय सरकारको तोकिएको काम, कर्तब्य र अधिकार तथा स्थानीय आवश्यकता र संघीय र प्रादेशिक

नीति तथा कार्ययोजनाको लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरी यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत देहाय अनुसारका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

### ४.२.१ स्थानीय / समुदाय स्तरमा संस्थागत विकास

विपद् व्यवस्थापन तीनवटै सरकारको साझा अधिकार क्षेत्रमा पर्ने भएकोले स्थानीय सरकारले पनि आवश्यकता अनुसार कानून तर्जुमा र संस्थागत संरचना स्थापना तथा विद्यमान संरचनाहरुको सुदृढीकरण गर्नुपर्ने हुन्छ । आफ्नो क्षेत्राधिकारभित्र विपद् व्यवस्थापनको शासकीय पद्धति सुदृढ र प्रभावकारी बनाउनु स्थानीय सरकारको जिम्मेवारी हो यसका लागि देहाय अनुरुपका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई आधुनिक प्रविधिले भरिपूर्ण बनाई सञ्चालन गर्ने | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द स्थापना भएको छ । | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु प्रभावकारी रुपले सञ्चालन भएका हुनेछन् | अल्पकालीन | नगरपालिका | नेपाल रेडक्रस सोसाइटी, तयार नेपाल तथा विकास साझेदार | |
| २ | नगरपालिकामा तोकिए बमोजिम विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत क्षेत्रलाई परिचालन गर्ने | विषयगत क्षेत्र गठन भइसकेको | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु व्यवस्थित रुपले सञ्चालन गर्नका लागि विषयगत क्षेत्र परिचालन हुनेछ | अल्पकालीन | नगरपालिका | विपद् व्यवस्थापन शाखा विकास साझेदार, नेपाल रेडक्रस सोसाइटी | ५००००० |
| ३ | सबै विद्यालय र अस्पतालहरुमा विपद् व्यवस्थापन समिति गठन गरी कार्य जिम्मेवारी निर्धारण गर्ने | | विद्यालय तथा अस्पतालमा विपद् व्यवस्थापन समिति गठन भई कार्य जिम्मेवारी निर्धारण भएको हुनेछ | मध्यकालीन | नगरपालिका | विपद् व्यवस्थापन शाखा, संघसंस्थाहरु, नेपाल रेडक्रस सोसाइटी | १००००० |

### ४.२.२ कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सास्कृतिक सम्पदा र भौतिक

संरचनाको संरक्षण गर्न नगर कार्यपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ बनाएको छ । यस ऐनको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली तयार गर्नु पर्ने आवश्यकता छ । विपद् जोखिम न्यूनीकरणको लागि विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित कानूनी र नियामक संरचनाहरूको पनि विकास गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| क्र.सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ को प्रभावकारी कार्यान्वयन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली तयार गर्ने | नियमावली तयारी गर्ने सोचमा रहेको | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन शासन व्यवस्थित र सुदृढ गर्न नियमावली तयार भएको हुनेछ | अल्पकालीन | नगरपालिका | विपद् व्यवस्थापन शाखा नेपाल रेडक्रस सोसाइटी,विकास साझेदार | १००००० |
| २ | नगरको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गर्ने | तयारी गर्ने सोचमा रहेको | स्थानीय तहमा प्रभावकारी विपद् तथा जलवायु उत्थानशील योजना तयार भएको हुनेछ | अल्पकालीन | नगरपालिका | विपद् व्यवस्थापन शाखा, विकास साझेदारहरु,नेपाल रेडक्रस सोसाइटी | १००००० |
| ३ | स्थानीय सडक सुरक्षा रणनीति तयार गर्ने | आवश्यकता महशुस गरेको | स्थानीय सडक सुरक्षा रणनीति तयार भएको हुनेछ | अल्पकालीन | नगरपालिका | ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय, विकास साझेदारहरु तथा नेपाल रेडक्रस सोसाइटी | १००००० |
| ४ | सीट बेल्ट, हेलमेटको प्रयोग र सार्वजनिक यातायात सुरक्षा सम्बन्धी नियमहरुलाई कडाईका साथ लागु गर्ने | | सडक प्रयोगकर्ताहरु सचेत र अनुशासित भई सडक दुर्घटना कम भएको हुनेछ | अल्पकालीन | नगरपालिका | वडा कार्यालय ट्राफिक प्रहरी कार्यालय | |

| क्र.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
